जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जेष्ठ नागरिकलाई सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनभु व र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।
सभ्यताको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २१० • २०७९ साल पुस १० गते आइतबार (25 December, Sunday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## गठबन्धनको बैठक निष्कर्षविहीन

**टुडे समाचारदाता**

काठमाण्डु ।
सरकार गठनका लागि शनिवार बसेको गठबन्धनको वैठक निष्कर्षविहीन भएको छ ।

आइतवार थप छलफल गरी निर्वाचन परिणाम र आगामी दिशाबारे छलफल गर्ने जनाइएको छ ।

'निर्वाचनपछि विकसित राजनीतिक घटनाक्रमबारे गम्भीररूपमा छलफल भएको छ र आगामी दिनमा कसरी जाने भन्नेबारे पनि छलफल भएको छ ।

जनताको अभिमतलाई सम्मान गर्दै अघि बढ्ने कुरामा पनि सहमतिमा पुगेको बैठकमा सहभागी सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्र वहादुर कार्कीले जानकारी दिए ।

अब बन्ने सरकारमा गठबन्धनले निरन्तरता पाउने पनि कार्कीले दाबी गरे । 'अहिलेको सन्दर्भमा प्रधानमन्त्री को पहिला हुने भन्ने कुरा गौण विषय हो । यसमा हलो अड्किन्न । मुलुकलाई अहिलेको जनताको आकांक्षा अनुसार कसरी अगाडि बढाउने भन्ने कुरा हो । गठबन्धनकै नेतृत्वमा सरकार बन्छ', सञ्चारमन्त्री कार्कीले भने ।


बैठकमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू सहभागी थिए ।

# प्रधानमन्त्री बन्ने प्रचण्डको चाहना पूरा हुँदैन : ओली

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको फेरि प्रधानमन्त्री हुने चाहना पूरा नहुने दाबी गरेका छन् । फेरि एक पटक प्रधानमन्त्रीका हुनका लागि दाहालले अधिकतम प्रयास गरिरहेका बेला पूर्व प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष ओलीको यस्तो प्रतिक्रिया बाहिर आएको छ ।

शनिबार पार्टीको केन्द्रीय कार्यालय च्यासलमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले समयमा कदम नचालेकाले दाहालको प्रधानमन्त्री हुने इच्छा समाप्त भएजस्तो आफूले देखेको तर्कसमेत गरे । प्रधानमन्त्री हुने इच्छा दाहालले व्यक्त गरिरहेको उल्लेख गर्दै त्यस सम्भावनालाई समयले नै समाप्त पारिदिएको ओलीले बताए ।




अध्यक्ष ओलीले भने, 'कतिपय जो इच्छा गरिरहेका छन् । पुष्पकमल दाहालजी, जो प्रधानमन्त्रीको इच्छा गरिरहनु भएको छ । तर उहाँले मलाई लाग्छ-ढिलो गर्नुभयो । निर्णय गर्न ढिलो गर्नुभयो । संस्कृतमा एउटा भनाइ छ-आदेश्य, प्रदयेश्य, कर्तव्यश्य करुणा । छिप्रणा क्रिमानष्य कालति प्रवशम भन्ने एउटा नीति श्लोक छ । त्यो भनेको लिनुपर्ने कुराको, दिनुपर्ने कुराको, गर्नुपर्ने काम जेजस्ता छन्, ती समयमै गर्नु पर्दछ । भएन भने, होइन भने, समयमा कुनै काम गरिदैन भने समयले नै त्यसको उपलब्धिलाई समाप्त पारिदिन्छ ।

अध्यक्ष ओलीले सत्तारुढ दलहरुबीचको स्वार्थले मुलुक कमजोर बन्ने अवस्थामा पुगेको समेत दोहोऱ्याए । उनले एमालेलाई सिध्याउँछु भन्ने तत्वहरू आफैं समाप्त भएको जिकिर गरे ।

नयाँ सरकार गठनका लागि सहमति गर्नका लागि दलहरूलाई राष्ट्रपति कार्यालयले दिएको समय आइतवार ४ बजेसम्म सकिँदैछ । निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन बुझाएपछि राष्ट्रपतिले सात दिनभित्र नयाँ सरकार गठनका लागि पुस ३ गते आह्वान गरेका थिए ।

नयाँ सरकार गठनका लागि नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त नगरेपछि संविधानको धारा ७६ को उपधारा (२) अनुसार प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमतप्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था रहेको छ । सोही व्यवस्थाअनुसार राष्ट्रपतिले पुस १० गते आइतबार बेलुका ५ बजे भित्र दाबी पेश गर्न राष्ट्रपतिले दलहरूलाई आह्वान गरेका छन् ।

नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.
जनकपुरधाम-७, धनुषा
सिट खाली भएको बारे सूचना
सूचना प्रकाशित मिति : २०७९/०९/०४
उपरोक्त विषयमा यो छ कि यस नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि., जनकपुरधाम-७, धनुषामा संचालित
PCL in Dental Science
(३ वर्षे) कोर्षमा १४ वटा सिट खाली भएको हुनाले स्वास्थ्य तर्फका प्रवेश परिक्षा उत्तिर्ण विद्यार्थीहरुले ७ (सात) दिन भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण-पत्र सहित निवेदन दिनु हुनका लागि जानकारी गराउँदछौं ।

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हॉस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# दुई दशकपछि कोसीटप्पु क्षेत्रमा ठूलो सिलसिले हाँस

राजविराज । दुई दशकपछि कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा पुनः ठूलो सिलसिले हाँस फेला परेको छ। सन् २००० मा अन्तिम पटक समूहमा देखिएको उक्त हाँस प्रजातिको चरा २२ वर्षपछि एकल सङ्ख्यामा देखिएको हो । असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहन्छ र चैत महिना लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने गर्दछन् । सुनसरी, सप्तरी र उदयपुर जिल्लाको सङ्गमस्थलमा रहेको कोसीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ। देशभरि पाइने आठ सय ८८ चरामध्ये हाल यहाँ पाँच सय ३१ चरा फेला परिसकेका छन् ।



यसै वर्ष पनि करिब ७० प्रजातिका चरा कोसीटप्पु आइसकेका छन् तर विगतका वर्षहरूमा यतिखेरसम्ममा सयभन्दा बढी प्रजातिका चरा आइसक्ने गरेको चराविज्ञ अनिश तिम्सिना बताउनुहुन्छ । "अझै चरा आउने समय बाँकी रहे तापनि विगत वर्षको तुलनामा कमी आएको छ", तिम्सिना बताउनुहुन्छ । ठूलो सिलसिले हाँसजस्तै अन्य थुप्रै चरा कोसीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रमा आउन छाडिसकेका छन् । प्रजातिका हिसाबले प्रतिनिधिमूलक उपस्थिति रहे तापनि सङ्ख्यात्मक हिसाबले बाह्य पर्यटक चराको उपस्थिति घट्नुले चिन्तित बनाएको तिम्सिना बताउनुहुन्छ । राज्यका स्थानीय तहले जैविक विविधता महत्वपूर्ण पाटो हो भन्ने बुझेर काम गरिदिन जरुरी रहेको तिम्सिना बताउनुहुन्छ।

"मानव बस्ती र मानवीय व्यवहारले हैरानी खेप्नु नै मुख्यरुपमा पर्यटक चरा आउन ह्रास भएको हुनसक्छ", कोसीटप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष राजकुमार सिंहले बताउनुभयो । उहाँका अनुसार सिमसारमा ढपक्कै ढाकिएको जलकुम्भी, 'म्याइकेनिया'जस्ता वनस्पतिले हाँस प्रजातिका चरालाई असर गरेको र सिमसार आसपासका क्षेत्रमा विषादीको प्रयोगले जोखिम रहेको छ । बगेको पानीभन्दा जमेको पानीमा बस्न रुचाउने हाँस प्रजातिका चरा माछा मार्न आउने मान्छेसँग डराएर भाग्ने गरेका छन् । आरक्ष क्षेत्रमा लाइसेन्स लिएर माछा मार्न अनुमति दिने गरिएको छ जसको जोखिम चरालाई परेको छ। चरालाई उचित वासस्थान र पर्याप्त आहराको कमी अर्को समस्या रहेको छ।

उत्तरी ध्रुवमा हिमपातको सुरुआतसँगै हिउँद यामको बढ्दो जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा ताल, तलैया र नदी आसपासमा हजारौँ पर्यटक चरा बसाइँसरी आउँछन् । बर्सेनि करिब एक सय ५० प्रजातिका चरा रुस, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेको तथ्याङ्क छ । करिब पचास प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलङ्कातिर जान्छन् । जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोसीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदिशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोसी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्दछन् । यसरी जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राई आदि पर्दछन् ।

दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौँ ग्रिष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्दछन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै वासस्थानमा फर्कन्छन् । यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ । नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान भने वन र यस आसपासका घाँसे मैदान तथा कृषि भूमि हुन् ।रासस

# स्ववियु निर्वाचन फागुन २८ गते गर्ने त्रिविको तयारी

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन आगामी फागुन २८ गते तयारी गरेको छ।



त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले त्रिविपदाधिकारी, विभाग, संस्थान, नौवटै सङ्कायका डीन र परीक्षा नियन्त्रकसँगको छलफलमा आगामी फागुन २८ गते नै तय गर्ने गरि त्रिवि अगाडि बढेको बताउनुभयो ।

"हामीले त्रिवि पदाधिकारी, नौवटै सङ्कायका डीन र परीक्षा नियन्त्रकसँग स्ववियु निर्वाचन गर्नका लागि उपयुक्त मितिका लागि छलफल गर्‍यौँ", उहाँले भन्नुभयो, "परीक्षा र भर्नालगायत सबै प्रक्रिया सकिने भएकाले नै स्ववियु निर्वाचन गर्ने फागुन २८ गते हामीलाई उपयुक्त समय लागेको छ, हामी सोही मितिको प्रस्ताव विद्यार्थी सङ्गठनसँग गर्छौं।"

स्ववियु निर्वाचनको मिति प्रस्ताव गर्नका लागि यही पुस ११ गते विद्यार्थी सङ्गठनका अध्यक्षको बैठक बोलाइएको छ । निर्देशनालयका निर्देशक अधिकारीले उक्त मितिका लागि त्रिवि पूर्ण तयार भइसकेकोले विद्यार्थी सङ्गठनसँग छलफल गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "विद्यार्थी सङ्गठनले उक्त मितिमा सहमति जनाए हामी निर्वाचनको मिति घोषणा गरेर निर्वाचन प्रक्रियामा जान्छौँ ।" त्रिविले स्ववियु निर्वाचन गर्न पटकपटक पहल गरे पनि हुन सकेको छैन ।

विद्यार्थी सङ्गठनले फागुन २८ गते सहमति गरे भने विद्यार्थी कल्याण परिषद् बैठकले मिति तोक्नका लागि त्रिवि कार्यकारी परिषद्मा सिफारिस गर्नेछ । त्यसपछि त्रिविको कार्यकारी परिषद्को बैठकले स्ववियु निर्वाचनको मिति घोषणा र स्ववियु निर्वाचन केन्द्रीय अनुगमन समन्वय समिति बनाउने उहाँले जानकारी दिनुभयो।

त्रिविका क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ साल यता नियमित हुन सकेको छैन । विसं २०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा विसं २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभरि त्रिविका ६२ आङ्गिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ आङ्गिक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो ।

यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यका बाहिर २३ आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन। त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस छन् । स्ववियु निर्वाचनमा २८ वर्ष उमेरहदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ। पछिल्लो पटक उमेरहदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि पहिलो पटक २०७३ सालमा आंशिकरुपमा केही क्याम्पसमा मात्र निर्वाचन भएको थियो ।रासस

# 'महिला पहिला' कार्यक्रम कार्यान्वयनमा तीव्रता

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले 'महिला पहिला' कार्यक्रम कार्यान्वयनलाई तीव्रता दिएको छ । महिलालाई घरभित्रदेखि समाज हुँदै राजनैतिक दल र राज्य सत्तासम्म पहिला बनाउने अभियान 'महिला पहिला' कार्यक्रमको प्रभावकारी कार्यान्वयका निम्ति मन्त्रालयले ६० पालिकामा बजेटको व्यवस्था गरेको छ।




कार्यक्रममा महिला हिंसा न्यूनीकरण गर्ने अभियानको व्यवस्था गरिएको छ भने महिलालाई तलैदेखि नेतृत्व क्षमताको अभिवृद्धि गर्ने कार्यक्रम पनि समावेश गरिएको छ।

मन्त्रालयले महिला सुरक्षा सेवा कार्यक्रमअन्तर्गत रातिको समयमा महिला एक्लै हिँड्नु परेमा प्रहरीको सहयोगमा कल सेन्टरको व्यवस्था गरी महिलाले फोन गर्ने बित्तिकै घरमा गाडी लिन जाने र गन्तव्यमा पुगेर पुनः घरसम्म पठाउने व्यवस्था रहेको छ । मन्त्री उमा रेग्मीले मन्त्रालयको जिम्मेवारी लिएपछि १४ महिनाको अवधिमा दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला एक सय ३२ जनाको उद्धार गरिएको छ । मन्त्रालयले 'घरैबाटै सुरु गरौँ महिला हिंसा अन्त्य गरौँ' भन्ने नाराका साथ महिला हिंसा विरुद्धको अभियानसमेत सञ्चालन गरेको छ।

त्यसैगरी मन्त्रालयले बालबालिकासम्बन्धी नीति, बालबालिका नीति २०७९, बालबालिकासम्बन्धी नियमावली २०७८ र बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सिआरसीको छैटौँ सातौँ आवधिक प्रतिवेदन तयार गरी मन्त्रिपरिषद्बाट स्वीकृत गरेर कार्यान्वयनमा ल्याएको छ।

त्यसैगरी राष्ट्रिय बाल अधिकार परिषद्को पाँच वर्षीय रणनीतिक योजना ल्याइएको छ । बाल अधिकार संरक्षण संवर्द्धन तथा प्रवर्द्धनसम्बन्धी एकीकृत कार्यावधि २०७९ तयार गरिएको छ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ लाई पहिलो संशोधन गर्न बनेको ऐन २०७९ संसद्बाट पास भइसकेको छ। सो ऐन अनुसारको नियमावली मन्त्रालयमा अन्तिम चरणमा पुगेको मन्त्री रेग्मीले जानकारी दिनुभयो । आफ्नो कार्यकालमा स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण वा हेरचाह नगरेमा र अलपत्र परेमा स्थानीय तहले हेरचाह केन्द्रमा राखी व्यवस्था गरिएको मन्त्री रेग्मीको भनाइ छ । ज्येष्ठ नागरिकका सन्तानले कुनै पनि किसिमले गरेको आम्दानीका कारणले तोके बमोजिमको रकम ज्येष्ठ नागरिकको बैंक खातामा मासिक रूपमा दाखिला गर्नुपर्ने प्रावधानको व्यवस्थासमेत गरिएको छ।

मन्त्रालयले सहाराविहीन ३१ अपाङ्गता भएका व्यक्तिलाई पुनः स्थापना केन्द्रमा संरक्षण गर्ने व्यवस्था मिलाएको छ। मन्त्री रेग्मीका अनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि हेरचाह गर्ने व्यक्तिको तालिमका लागि बजेटको व्यवस्था गरिएको छ ।रासस

# पत्रकार महासङ्घले जारी गर्‍यो १५ बुँदे 'सुर्खेत घोषणा'

सुर्खेत । नेपाल पत्रकार महासङ्घको साधारणसभा १५ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । कर्णाली प्रदेशको सुर्खेतमा हिजो देखि सुरु भएको साधारणसभा शनिवार समापन भएको हो।

साधारणसभाले महासचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन पारित गर्दै घोषणा जारी गरिएको महासचिव रोशन पुरीले जानकारी दिनुभयो।



साधारणसभाबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री कानुन निर्माण गर्न तीन वटै तहका सरकारलाई आग्रह गरिएको छ । संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरे पनि त्यसपछि गठन भएका तीन वटै तहका सरकार तथा राजनीतिक दलहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हकलाई पूर्णतः कार्यान्वयनमा नल्याएको भन्दै यसलाई कार्यान्वयनमा ल्याउन आग्रह गरिएको हो।

आमपत्रकारलाई सचेततापूर्वक 'डिजिटल' माध्यमको प्रयोग गर्नुका साथै सो माध्यममार्फत् प्रेस स्वतन्त्रता हननका घटनामाथि कानुनी कारबाहीका लागि समेत जोडदार गरिएको छ।

संविधानअनुसारका सञ्चार कानुन तत्काल निर्माण गर्न र पुराना कानुनमा सुधार ल्याउन सम्बद्ध पक्षसँग माग गरिएको छ। श्रमजीवी पत्रकार ऐन तथा नियमावलीमा तोकिएका सेवा सुविधाको पूर्ण कार्यान्वयन तथा समसामयिक परिमार्जनसहित श्रम समस्या समाधानका लागि नेपाल सरकार र सम्बद्ध पक्षसँग माग गर्दै महासङ्घलाई ट्रेड युनियन संस्थाका रूपमा सामूहिक सौदाबाजीमार्फत श्रम अधिकार स्थापित गर्न निर्देश गरिएको छ। साधारणसभाको घोषणामार्फत् नै साना लगानीमा सञ्चालित स्वरोजगारमूलक तथा विभिन्न मातृभाषाका सञ्चारमाध्यम दिगो र भरपर्दो ढङ्गले सञ्चालनका लागि सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन बढाउन र समानुपातिक विज्ञापन प्रणाली तत्काल लागू गर्न माग गरिएको छ। साथै छापा प्रकाशनलाई डिजिटल माध्यममा रुपान्तरण गर्न चाहेमा निरन्तरतासहितको मान्यता प्रदान गर्न सरकारसँग माग गरिएको छ।

श्रमजीवी पत्रकारको निःशुल्क उपचार, दुर्घटना र स्वास्थ्य बीमाका सम्बन्धमा विगतमा सरकारले गरेका निर्णयको प्रभावकारी कार्यान्वयनका लागि माग गरिएको छ।

नेपाल पत्रकार महासङ्घका सदस्यको शुद्धीकरणलाई थप प्रभावकारी बनाउन अद्यावधिक गर्न निर्देशन दिइएको छ भने मुलुकको बहुलता र विविधतालाई आत्मसात गर्दै सञ्चार प्रतिष्ठानका विषयवस्तु र संरचनालाई लैङ्गिक, समावेशी र अपाङ्गतामैत्री एवं कार्यस्थललाई सुरक्षित बनाउन सबै सञ्चार प्रतिष्ठानलाई आह्वान गरिएको छ।

छापा, रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यममा आएका चुनौती र नयाँ सञ्चारमाध्यमले ल्याएका अवसरलाई आत्मसात गर्नेगरी सञ्चारकर्मीका लागि पेशागत दक्षता र क्षमता अभिवृद्धि तथा वृत्ति-विकासका लागि सञ्चालन गर्दै आएका कार्यक्रमलाई अभियानकै रूपमा अघि बढाउन निर्देशन दिएको छ।

प्रेसपासको सहज उपलब्धताका लागि आवश्यक वातावरण बनाउन सम्बद्ध सबै निकायलाई अपिल गरिएको छ । महासङ्घका विधानअनुरुप हरेक संरचनालाई स्वायत्त, क्रियाशील एवं सबल बनाउन प्रण गर्दै सञ्चारमाध्यमको दर्ता, नवीकरण, नियमन तथा सेवा सुविधाका सन्दर्भमा प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्डलगायत विभिन्न सरकारी निकायमा अनावश्यक र झन्झटिलो प्रक्रिया पूरा गर्नुपर्ने अव्यवहारिक व्यवस्था तत्काल खारेज गर्न माग गरिएको छ।

यसैगरी पत्रकार आचारसंहिताको पूर्णपालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्दै सांस्कृतिक र पर्यटकीयरूपमा समृद्ध कर्णाली प्रदेशको पर्यटन, भाषा, कला र साहित्यको प्रचार एवं सम्वर्द्धनसँगै यस प्रदेशमा रहेका सबै पर्यटकीय क्षेत्रको प्रचार-प्रसार, संवर्द्धन, संरक्षण र आवश्यक पूर्वाधार विकासका लागि सबै तहका सरकारलाई यो साधारणसभामार्फत् आह्वान गरिएको छ।

नेपाल पत्रकार महासङ्घको केन्द्रीय साधारणसभाको उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा उपस्थित राष्ट्रपति विद्यादेवी भण्डारी, कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही, विभिन्न राजनीतिक दलका नेता, स्थानीय निकायका जनप्रतिनिधि, पत्रकारसम्बद्ध विभिन्न सङ्घसङ्गठनका प्रमुख तथा प्रतिनिधिका साथै देशभरका केन्द्रीय परिषद् सदस्यलाई साधारणसभामार्फत् धन्यवाद ज्ञापन गरिएको छ।

साथै आतिथ्यताका लागि नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखा, संयोजनका लागि नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश समितिका साथै सहयोगका लागि कर्णाली प्रदेश सरकार र स्थानीय तहहरुलाई धन्यवाद ज्ञापन गरिएको महासचिव पुरीले जानकारी दिनुभयो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| वृष | : सुख समृद्धि हुने। |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : धन वृद्धि सञ्चय। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पूजापाठका लागि शनिबार जनकपुरधामस्थित जानकी मन्दिर पुग्नुभएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई मन्दिरका महन्त रामतपेश्वर दास र सहायक महन्त रामरोसन दासले मायाको चिनो प्रदान गर्नुहुँदै । *तस्बिरः रासस*

# अन्तरविद्यालय क्रिकेटको उपाधि पिसल्यान्डलाई




**टुडे समाचारदाता**

राजविराज । सप्तरी क्रिकेट संघकोआयोजनामाराजविराजमासंचालित जिल्लास्तरिय अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको उपाधि पिसल्यान्डले जितेको छ ।

शनिवार सम्पन्न फाइनल खेलमा पिसल्यान्डले लिटिल एन्जेल स्कुललाई पराजित गर्दै उपाधि जितेको छ ।

टस जितेर पिसल्यान्ड निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ३८ रनको योगफल खडा गरेको थियो । जसमा बरूणदेव गामीले बिष्फोटक ब्याटिंग गर्दै अर्धशतकिय पारी खेल्दै ५६ बलमा ४ छक्का र ४ चौकाको मद्दतले ६८ रन बनाए । यस्तै प्रदीप दासले २७ रनको योगदान दिए ।

बलिङतर्फ लिटिल एन्जेलका करण बहादुर बिक र भिम यादब समान २/२ विकेट तथा महेन्द्र मण्डल/गोपाल मण्डलले १/१ विकेट लिएका थिए ।

जवाफमा लिटिल एन्जेल स्कुलले १ सय ३८ रनको लक्ष्य पछ्याउने क्रममा १९ दशमलब ३ बलमा सबै विकेट गुमाई १ सय १९ रनमात्र बनाउन सकेका थिए । जसमा जेम्स बिकले सर्वाधिक ४३ रन बनाउदै अविजित रहे भने भीम यादब २० रन र गोपाल मण्डल १७ रन बनाए पनि जितका लागि पर्याप्त भएन ।

बलिङतर्फ पिसल्यान्डका शम्भु मण्डल/प्रदीप दास, आरएन दास २/२ विकेट तथा बरूणदेव गामीले १ विकेट हात पारेका छन् । फाइनल खेलको म्यान अफ दि फाईनल गामी नै घोषित भए ।

खेलको प्लेयर अफ दि सिरिज विशाल यादब, बेस्ट ब्याटसम्यान बरूणदेव गामी, बेस्ट बलर गोपाल मण्डल र ईमेर्जिंग खेलाडी श्रवण गुप्ता घोषित भए । विजेता तथा उपविजेता टीमलाई नेपाल क्रिकेट फाउन्डेशनका निर्देशक अभिषेक कार्की, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, उपाध्यक्ष धर्मेन्द्र चौधरी, सचिव चन्दनकुमार यादब, क्रिकेट विकास प्रतिष्ठानका अध्यक्ष ई.ईन्द्र नारायण देव, प्रतियोगिता संयोजक अनवर अली, अम्पायर संघका अध्यक्ष निरज सिंह, प्रशिक्षक सारा बेग लगायतले शिल्ड, कप, मेडल, प्रमाणपत्र प्रदान गरेका छन् ।

सप्तरी क्रिकेट संघको आयोजना तथा नेपाल क्रिकेट फाउन्डेशनको सहयोगमा जिल्ला स्तरीय अन्तरविद्यालय एकदिवसीय क्रिकेट प्रतियोगिता पुस २ गते देखि ९ गते सम्म संचालन भएको थियो । उक्त प्रतियोगितामा जिल्लाभरका ८ वटा विद्यालयहरूको सहभागिता रहेको थियो ।

# भन्सार घोषणा नभएका मोबाइल बन्द हुने

काठमाण्डु । नेपाल दूरसञ्चार प्राधिकरणले यही पुस १५ गतेभित्र मोबाइल दर्ता गर्न आह्वान गरेको छ । प्राधिकरणले आज एक सार्वजनिक सूचना प्रकाशित गरी यही पुस १५ देखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) पूर्णरूपमा कार्यान्वयनमा ल्याउने जनाएको छ ।

मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गरी थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ र ब्लकिङ गर्न प्राधिकरणले यसअघि परीक्षणका रूपमा एमडिएमएस लागू गरिएको जनाएको छ ।

विदेशबाट आउने नेपालीले निजी प्रयोगका लागि आफ्नो साथमा ल्याएका तर एमडिएमएस प्रणालीमा दर्ता नभएका वा गएको भदौ महिनाभन्दा अघि प्रयोगमा नरहेका मोबाइल सेटहरूको १५ डिजिट नम्बरसहितको भन्सार घोषणा गरी भन्सार ऐन, २०६४ अनुसार भन्सार कार्यालयबाट प्रज्ञापनपत्र लिइ प्रणालीमा अद्यावधिक गर्न प्राधिकरणले उक्त सूचनामार्फत् अनुरोधसमेत गरेको छ ।

नियमानुसार भन्सारमा घोषणा नभएको मोबाइल फोन सेट यही पुस १५ गतेदेखि दर्ता नगरिने र यस्ता मोबाइल सेट सञ्चालनमा समेत रोक लगाइने हुँदा व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेट प्रज्ञापनपत्रसहित राहदानी/नागरिकता/राष्ट्रिय परिचयपत्रका आधारमा मात्र एमडिएमएसमा गई दर्ता गर्न प्राधिकरणले अनुरोध गरेको छ ।

नेपालभित्रै मोबाइल खरिद गर्दा पनि खरिद मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणालीमा दर्ता भए वा नभएको यकिन गर्न सकिने हुँदा त्यसअनुसार यकिन गरेर मात्र खरिद गर्न साथै मोबाइल आयातकर्ता र बिक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरूपमा प्राधिकरणको पूर्वस्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न प्राधिकरणले उक्त सूचनामा उल्लेख गरेको छ ।रासस

# हल्का वर्षा र हिमपातको सम्भावना

काठमाण्डु । पश्चिमी वायुको प्रभावले देशका अधिकांश स्थानमा बदली गराउनुका साथै पूर्वी भेगका केही स्थानमा हल्का वर्षा तथा हिमाली भू-भागमा हल्का हिमपातको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मञ्जुवासीका अनुसार पश्चिमी वायुको प्रभावले बदली गराएको छ । पहाडी भेगका केही स्थानमा वर्षाको सम्भावना रहेको छ भने हिमाली तथा उच्च पहाडी भेगमा हल्का हिमपातको सम्भावना छ ।

शुक्रबार बेलुकीदेखि नेपाल प्रवेश गरेको पश्चिमी वायुको प्रभाव आइतबारदेखि क्रमशः बाहिरिने मौसमविद्वासीले उल्लेख गर्नुभयो । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले प्रदेश १, मधेस प्रदेश र बागमती प्रदेशमा आंशिकदेखि सामान्य बदली रहेको छ ।

प्रदेश १, मधेस प्रदेश, बागमती र लुम्बिनी प्रदेशका केही स्थानमा हल्का वर्षा तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना छ । रातिको समयमा प्रदेश १, गण्डकी र कर्णाली प्रदेशका हिमाली भू-भागका केही स्थानमा हल्क हिमपातको सम्भावना छ । अहिले काठमाडौँको तापक्रम १६ डिग्रिसेल्सियस रहेको छ ।रासस

# फर्निचर तथा फर्निसिङ सङ्घमा नयाँ नेतृत्व

काठमाण्डु । नेपाल फर्निचर तथा फर्निसिङ सङ्घ काठमाडौँमा सर्वसम्मतरूपमा नयाँ नेतृत्व चयन भएको छ । आज राजधानीमा सम्पन्न सङ्घको २३औँसाधारणसभा तथा अधिवेशनबाट दिनेश अग्रवालको अध्यक्षतामा दुईवर्षे कार्यकालका लागि १७ जना सर्वसम्मत चयन हुनुभएको हो ।

सङ्घको वरिष्ठ उपाध्यक्षमा मनिष अग्रवाल, प्रथम उपाध्यक्षमा अरुणकुमार चौधरी, द्वितीय उपाध्यक्षमा अर्जुन घिमिरे र महासचिवमा सञ्जय लामा निर्विरोध हुनुभएको छ । त्यस्तै कोषाध्यक्षमा रमिता कसजू श्रेष्ठ, सचिवमा केदारनाथ बस्ताकोटी र डमरु बल्लभ पराजुली चुनिनुभएको छ । सङ्घको सदस्यमा दिलविक्रम श्रेष्ठ, भोलामान योञ्जन, ऋषिकिशोर अग्रवाल, सम्यकमान सिंह, मुकेश अग्रवाल, गीता अच्छामी, रन्जु श्रेष्ठ, निकुञ्ज अग्रवाल र टेकबहादुर कार्की निर्विरोध हुनुभएको हो ।

सङ्घमा दुई सय आजीवन र चार सय साधारण सदस्य गरी छ सय फर्निचर व्यवसायी आबद्ध हुनुहुन्छ । सङ्घका अनुसार देशभर १२ हजारको सङ्ख्यामा फर्निचर व्यवसायी छन् । यो व्यवसायमा करिब रु ३० अर्ब लगानी रहेको तथा कुल कारोबारको ६० प्रतिशत वस्तु विदेशबाट आयात हुँदै आएको सङ्घको तथ्याङ्क छ ।रासस

# नौ हजारको स्वास्थ्य परीक्षण

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले सुरु गरेको ‘मेयर घरदैलो स्वास्थ्य कार्यक्रम’ मा नौ वडाका झण्डै नौ हजारले स्वास्थ्य परीक्षण गराएका छन् । नगरवासीले निःशुल्क स्वास्थ्य परीक्षण गरेका छन् भने आवश्यक औषधिसमेत वितरण हुँदै आएको छ ।


महानगरपालिकाका प्रमुख राजेशमान सिंहले १७ देखि ३२ सम्मका वडामा यो अभियान सञ्चालन हुने र अहिलेसम्म नौ वटा वडाका जनताको घरदैलोमै पुगेको टोलीबाट स्वास्थ्य सेवा लिइसकेको बताउनुभयो ।

गाडीमै जडान गरिएको प्रयोगशालाबाट आवश्यक स्वास्थ्य परीक्षण गरेर रिपोर्ट दिने गरिएको छ । यसले बजारका अस्पतालमा धाइरहनुपर्ने ग्रामीण क्षेत्रका जनतालाई राहत मिलेको छ ।

शिविरमा स्वास्थ्य जाँच गराएकालाई उनीहरूको स्वास्थ्य परीक्षण रिपोर्टको आधारमा विभिन्न ९८ प्रकारका औषधि त्यही उपलब्ध गराउँदै आएको छ । वीरगञ्जको वडा नम्बर ३० लालपर्साबाट गत भदौ २६ गतेदेखि यो कार्यक्रम सुरु भएको थियो ।

आइतबारदेखि पुनः अर्को वडामा यो अभियान सञ्चालन गरिने महानगरको स्वास्थ्य शाखा प्रमुख रितेश जयसवालले जानकारी दिनुभयो । अहिलेसम्म नौ वटा वडामा चलेको कार्यक्रममा पाँच हजार पाँच सय ६२ महिला र तीन हजार दुई सय १७ पुरुषले स्वास्थ्य जाँच गराएका छन् ।रासस

# लगानीअनुसारको प्रतिफल नपाएको पेट्रोलियम व्यवसायीको गुनासो



भैरहवा । पेट्रोलियम व्यवसायीले आफ्नो व्यवसायमा लगानीअनुसारको प्रतिफल नभएको गुनासो गरेका छन् । व्यवसायीको सञ्चित मुनाफा र व्यवसायीको ग्यारेन्टीको पनि सुनिश्चितता हुनुपर्नेमा त्यस्तो नभएको उनीहरुको भनाइ छ । पेट्रोलियम पदार्थ बिक्रेता व्यवसायीले सरकार र नेपाल आयल निगमले आफूहरुका मागलाई सधैँ बेवास्ता गर्दै आएको गुनासो गरेका छन् ।

नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनका सचिव हिमाल गैरेलेरुपन्देहीको भैरहवामा आज आयोजित पश्चिमाञ्चल पेट्रोलियम डिलर्स सङ्घको १७औँ वार्षिक साधारणसभा तथा आठौँ अधिवेशनमाविभिन्न क्षेत्रमा अनुदानको व्यवस्था गरे पनि यस क्षेत्रमा नगरेको बताउनुभयो । “अहिले नेपाल आयल निगमले प्रतिलिटर रु एक सय ३१ को लगानीमा रहेको डिजल रु एक सय ७५ र रु एक सय ४९ रहेको पेट्रोल कमिशनमा रु एक सय ७८ का दरले बेचिरहेको छ”, उहाँले भन्नुभयो, “अहिलेसम्म पुरानै दररेटमा कमिशन पाइरहेका छौँ, हामीले थप लगानी गर्नुपरिरहेको छ । तर लगानीअनुसारको प्रतिफल हामीले पाइरहेका छैनौँ ।”

नेपाल आयल निगमले घाटा पूर्ति गर्नका लागि बढी रकममा पेट्रोलियम पदार्थ बेचीरहँदा पनि निगमलाई जोगाउन एसोसिएसनले सहयोग गरिरहेको उहाँले बताउनुभयो । निगमलाई सहयोग गरिरहे पनि निगमको व्यवसायीलाई हेर्ने नजर भने सहयोगी नरहेको उहाँको आरोप छ । नेपाल र भारतको सीमावर्ती क्षेत्र भएका कारण यसको प्रत्यक्ष मारमा पेट्रोलियम व्यवसायी पर्ने गरेका छन् । अहिले भारतको तुलनामा नेपालमा पेट्रोलियम पदार्थ रु ३८ महँगो छ । यसले यस क्षेत्रका व्यवसायी प्रभावित बनेको केन्द्रीय सचिव गैरेले बताउनुभयो ।

“अहिले नेपालीले भारतमा गएर तेल हालीरहेका छन्, यहाँको प्रशासन मौन छ”, उहाँले भन्नुभयो, “भारतमा गएर तेल हाल्दा नेपालले राजस्व गुमाएको छ, हामी बेरोजगार हुने अवस्थामा पुगेका छौँ ।”

साधारणसभाका वक्ताले इन्धनको सहज आपूर्ति गरिनुपर्ने, कमिसन वृद्धि गर्नुपर्ने, धरौटीको ब्याज दिनुपर्नेलगायत माग गरे। सङ्घका अध्यक्ष प्रेम न्यौपानेले पेट्रोलियम पदार्थ डिलरसम्म ल्याउँदा नोक्सानी धैरै भइरहेको तर नेपाल आयल निगमले क्षतिपूर्ति न्यून दिने गरेको गुनासो गर्नुभयो ।“व्यवसायीले मात्रै सधैँ कति नोक्सानी व्यहोर्ने ? आयल निगमलाई घाटाबाट जोगाउन सधैँ व्यवसायी मारमा पर्नुपर्ने ? यो कस्तो नियम हो ? त्यसैले तत्काल क्षतिपूर्ति बढाउन म निगम र सरकारसँग माग गर्दछु”, उहाँले भन्नुभयो । कमिशन कम्तीमा पाँच प्रतिशतसम्म पुर्‍याउनुपर्ने उहाँको माग थियो । अहिले व्यवसायीले तीन प्रतिशत कमिशन पाइरहेका छन् ।

व्यवसायीले भलबारी डिपोसम्म पाइपलाइन विस्तार गर्नुपर्ने, ग्यास व्यवसायीलाई जस्तै पेट्रोलियम व्यवसायीलाई पनि सुविधा दिनुपर्ने, रोहिणी खोलाको किनारमा आयल निगमले खरिद गरेको जग्गामा निगमको डिपो निर्माण तत्काल सुरु गर्नुपर्नेलगायत माग गरे । नेपाल पेट्रोलियम डिलर्स महासङ्घका केन्द्रीय सदस्य राजु न्यौपानेले वर्षौँदेखि माग गर्दै आउँदा पनि आफूहरुका माग निगमले समाधान गर्नतर्फ ध्यान नदिएको आरोप लगाउनुभयो । उहाँले अग्नी बीमा गर्नुपर्ने, धरौटीको ब्याज दिनुपर्ने र निश्चित समय अवधिलाई मात्र धरौटी राखिनुपर्ने माग गर्नुभयो ।

“पछिल्लो समय बढ्दो ब्याजले हामीलाई मारमा पारेको छ”, उहाँले भन्नुभयो, “आठ प्रतिशतमा लिएको ऋणको ब्याज वृद्धि भएर १६ प्रतिशत पुगिसक्यो । नियन्त्रण गर्ने कसले हो ? यस्तै अवस्था रहे व्यवसायी पलायन हुन्छन् ।”रासस

# मङ्सिरभित्र ८३ प्रतिशत योजना सम्झौता

गण्डकी । आर्थिक वर्ष घर्कने बेलातिर बल्ल काम थाल्ने प्रवृत्ति हटाउन बागलुङ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनमा कडाइ गरेको छ । साउनदेखि नै चालू आवको बजेट कार्यान्वयन सुरु गर्न नीतिगत प्रबन्ध गरेको नगरपालिकाले गत मङ्सिर मसान्तभित्र ८२ दशमलव ७७ प्रतिशत योजना सम्झौता गर्न सफल भएको छ ।

कूल पाँच सय ६९ स्वीकृत योजनामध्ये चार सय ७१ सम्झौतापछि कार्यान्वयनको चरणमा छन् । यस्तै ३१ योजनाको भने काम सकिएर फरफराक भइसकेका छन् । बाँकी रहेका ९७ योजना पुस तेस्रोसातासम्म सम्झौता भइसक्ने नगरको योजना अनुगमन तथा सिफारिस समितिका सदस्यसचिव इन्जिनियर त्रिलोचन गिरीले जानकारी दिनुभयो ।“योजना कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्झौताका लागि सयमसीमा नै तोकेपछि यो वर्ष धेरै योजनाको काम बेलैमा अघि बढेको छ”, उहाँले भन्नुभयो, “यसले कामको गुणस्तरदेखि अनुगमन र भुक्तानी प्रणालीलाई पनि चुस्त बनाउँछ ।”

अन्तिम समयतिर काम हुँदा विगतमा सोचे जसरी योजनाको मूल्याङ्कन र नापजाँच गर्न पनि कठिनाइ हुने गरेको इन्जिनियर गिरीले बताउनुभयो । जेठ-असार लागेपछि बल्ल योजनाका काम लिएर नगरपालिका धाउने प्रवृत्ति अब हट्ने उहाँको भनाइ छ । चैत-वैशाखभित्रै सबै योजनाको फरफराक गर्न नगरपालिकाले उपभोक्ता समिति र निर्माण व्यवसायीलाई सचेत गराएको छ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले तोकिएको समयभित्र सम्झौता नभएका र खरिद प्रक्रियामा नगएका ससर्त तर्फका योजना बाहेकको बजेट स्थानीय सञ्चित कोषमा जाने बताउनुभयो ।उहाँले चालू आवको स्वीकृत नीति, कार्यक्रम र बजेटमा सो प्रावधान राखिएको उल्लेख गर्नुभयो । हिउँदे अधिवेशनबाट स्वीकृत भएका र ससर्ततर्फका योजना पनि फागुन मसान्त भित्रैमा सम्झौता गरिने सापकोटाले बताउनुभयो ।

“योजना सम्झौता ढिलो हुने, आर्थिक वर्षको अन्त्यमा काम गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कार्यान्वयन प्रणालीलाई व्यवस्थित गर्न लागिएको हो”, उहाँले भन्नुभयो, “यसबाट नगरपालिकाको सेवा प्रवाहमा पनि सकारात्मक टेवा पुग्छ ।”योजना कार्यान्वयनलाई सहज बनाउन नगरपालिकाले गत साउनमा घुम्ती शिविर गरेर वडा तहबाटै योजना सम्झौता थालेको थियो । शिविर चलेपछि योजना सम्झौताका लागि नगरपालिका कार्यालय धाउनुपर्ने बाध्यता हटेको थियो ।


नगरपालिकाका उपप्रमुख राजु खड्काले सेवा प्रवाहलाई छरितो र चुस्त बनाउन आफूहरु लागिपरेको बताउनुभयो । समयमै बजेट तथा कार्यक्रम कार्यान्वयन हुन नसक्ने र योजना अलपत्र पर्ने स्थिति आउन नदिइने उहाँको भनाइ छ । “नगरपालिकाको सत्प्रयासमा उपभोक्ताको पनि सहयोगको खाँचो छ”, उहाँले भन्नुभयो, “योजनाको काम समयमै र गुणस्तरीय ढङ्गले गर्न आवश्यक छ, हतारो र चापमा काम गर्दा समस्या निम्तने गरेको छ ।”

नगरपालिकामा वडास्तरीय तीन सय ६३, नगरस्तरीय एक सय ३३, सङ्घ र प्रदेशका २९, बोलपत्रमार्फत सञ्चालन हुने २९ र राष्ट्रपति शैक्षिक सुधारतर्फ विद्यालय पूर्वाधारका १५ योजना सञ्चालित छन् । निर्माण व्यवसायीबाट काम हुने योजनामध्ये १३ निर्माणाधीन अवस्थामा रहेको र पाँच योजनाको काम सुरु हुन बाँकी रहेको नगरपालिकाले जनाएको छ ।रासस

# ‘कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ ७ नेपालमा पुष्टि भएको छैन’

काठमाण्डु । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको जोखिम अझै कायम रहेको अवस्थामा छिमेकी मुलुकहरुमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ७ हालसम्म नेपालमा पुष्टि नभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

छिमेकी राष्ट्रहरुमा उक्त भेरियन्टको सङ्क्रमण दर दिनानुदिन वृद्धि हुँदै गएको र प्रारम्भिक प्रतिवेदनअनुसार यस भेरियन्टले छोटो समयमा धेरै व्यक्तिलाई सङ्क्रमण गर्ने देखिएकाले नेपालमा पनि यसको जोखिम रहेकाले रोकथाम एवम् नियन्त्रणका लागि सबै सजग एवम् सचेत हुन जरुरी छ ।इसाई धर्मावलम्बीको महान् पर्व क्रिस्मस तथा अङ्ग्रेजी नयाँ वर्ष, २०२३ नजिकिँदै गरेको अवस्थालाई दृष्टिगत गर्दै कोभिड-१९ को सङ्क्रमणबाट बच्न र बचाउन मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, साबुनपानीले हात धुने वा स्यानिटाइजर नियमित प्रयोग गर्नेलगायत जनस्वास्थ्यका मापदण्ड नियमित पालना गर्न/गराउन साथै कोभिड-१९ को अतिरिक्त मात्रा (बुस्टर डोज) लगाउन बाँकी रहेकाहरुले स्थानीय स्वास्थ्य संस्थामा सम्पर्क गरी खोप लगाउनमन्त्रालयले अपिल गरेको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भाषामा राजनीति गर्दै मधेशी आयोग

नेपालमा सरकारले विभिन्न आयोग गठन गरेको छ। त्यस मध्ये एउटा मधेशी आयोग पनि छ। त्यो आयोग अहिले चर्चामा आउने प्रयत्न गरिरहेको छ। प्रतिनिधिसभाको सम्पन्न शपथग्रहणमा जनमत पार्टीका सांसदहरुले मधेशी भाषामा शपथग्रहण गरेकाले उनीहरुलाई कारबाही हुनुपर्ने माग गरेको छ । मधेशी भाषा नै नरहेको उसको तर्क छ। देशमा १ सय २२ वटा भाषा रहेको जनगणनामा देखिन्छ। तर देशमा १ सय २३ औं भाषा हुनै नसक्ने भने कहिँ उल्लेख छैन्। जनमत पार्टीका सांसदहरुले गरेको शपथग्रहणको भाषा मधेशी रहेको शपथग्रहण गर्नेहरुले नै उल्लेख गरेका छन्। जनमत पार्टीका अध्यक्ष सी के राउत अल्पज्ञानी होइनन्। उनी पीएचडी गरेका र हरेक क्षेत्रको जानकारी राख्ने विद्वान हुन् । उनको राजनीतिक विचारसित सबै सहमत नै हुनुपर्ने छैन्। तर उनले शपथग्रहणमा प्रयोग गरेका भाषालाई लिएर वितण्डा मच्चाउनुको औचित्य पनि छैन् । मधेशी आयोगले मधेशी भाषामा शपथ लिएका राउत सहितका सांसदहरुको शपथ नै बदर गराउन पत्र काट्ने मधेशी आयोगले नेकपा एमालेले आफ्ना दलका सांसदहरुलाई अनिवार्य रुपमा राष्ट्रिय पोशाक लगाएर आउन निर्देशन दिदा त्यसको विरोध किन गरेन् । अन्य दलका मधेशी, थारु, जनजाति दलितहरुले आ-आफ्नो भूगोल र जाति अनुसारका पोशाक लगाएर गएका थिए। तर एमालेका सांसदहरुलाई धोती, कुर्ता लगायतका पोशाकमा रोक लगाउँदा अधिकार हनन भएको नदेख्ने मधेशी आयोगले मधेशी भाषामा शपथग्रहण किन गरे प्रश्न उठाउने अधिकार राख्दैन् । लोकतन्त्रमा सबैको अधिकार छ। मधेशमा मैथिली, भोजपुरी, मगही, अवधी, नेपाली, उर्दु, तमांग, नेवारी, हिन्दी, मारवाडी लगायत थुप्रै भाषा बोलिन्छ। डा.राउत धेरै भाषाका ज्ञाता हुन्। तर यहाँ उनी नेपाली, हिन्दी, अंग्रेजी मात्र नभै मधेशी भाषा पनि बोल्ने गरेको बताएका छन् । संसदमा शपथग्रहण नै नगर्ने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पदमुक्त गर्नुपर्ने आवाज मधेशी आयोगले उठाउन सक्दैन् । मधेशी विरोधी गतिविधि गरेर पाएको पुरस्कारलाई मधेशमा भाषाको विवाद सृजना गराउन खोजिएको हो । मधेशी भाषाको विरोध मैथिली भाषा, संस्कृतिको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले गर्न थालेका छन् । उनीहरुले मधेशी भाषाको नाउँमा मैथिली भाषालाई कमजोर पार्ने प्रयास गरिएको आरोप लगाएका छन्। ती संघसंस्थाहरुलाई विरोध गर्ने अधिकार छ । तर मधेशी भाषाले मैथिलीको भन्दा मगही, अवधी, ठेठ मैथिली, भोजपुरीलाई बढी प्रभावित पार्ने देखिन्छ । मैथिली भाषा र संस्कृतिलाई नेपालमा केही व्यक्तिले कब्जा गरी राखेकाले त्यसबाट अलग्याउने उद्देश्य डा.राउतको पक्कै छैन होला ? त्यसकारण मैथिली भाषीहरु चिन्तित हुनुपर्ने आवश्यकता छैन् । डा.राउतले दलित, ओबीसी, पछाडि पारिएका समुदायको भाषालाई मधेशी नाम दिदैमा मैथिली भाषा लोप हुने अवस्था आउने छैन् ।

# प्रधानमन्त्री छनोटमा सकस



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

पहिलो कुन दलको नेतृत्वमा टुङ्गो नलाग्दा सत्ता गठबन्धनको भविष्य सङ्कटमा पर्ने सम्भावना छ। नेपाली काँग्रेसले शुरुको दुई शेरबहादुर देउवालाई बनाउनुपर्ने अडान लिएको छ भने माओवादीकेन्द्रले प्रचण्डलाई बनाउनुपर्छ भन्ने जिकिर गरिरहेका छन् । दुवै दलका नेताहरुबीच भेटघाट र गहन छलफल भइरहेको भएपनि शनिवार अपराह्नसम्म कुनै निर्णयमा पुग्न सकेको छैन् । आइतवार अपराह्न ५ बजेभित्र बहुमतसहित प्रधानमन्त्री पदमा नियुक्तिका लागि राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष दावी पेश गर्नुपर्ने हुन्छ। काँग्रेसले शुरुको दुई बर्ष देउवा, दुई बर्ष प्रचण्ड र एक बर्ष माधवकुमार नेपाललाई दिने प्रस्ताव अघि सारेका छन् । तर, माओवादीकेन्द्र जसरीपनि शुरुको दुई बर्ष प्रचण्डलाई नै दिनुपर्ने अडानबाट टसमस नभएको खण्डमा काँग्रेसले विकल्प खोज्ने सम्भावना छ।

अर्कोतर्फ, आइतवार अपराह्नसम्ममा दावी पेश नभएको अवस्थामा प्रतिनिधिसभामा ठूला दलको हैसियतमा रहेका काँग्रेसलाई सरकार गठनका लागि आह्वान हुनेछ।

एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री बन्नका लागि प्रचण्डले निर्णय लिनमा ढिलो गरेका कारणले उहाँको सम्भावना लगभग समाप्त भएको उल्लेख गर्नुभएको छ। अर्कोतर्फ, माओवादीकेन्द्रले प्रचण्डलाई प्रधानमन्त्री बनाउनका लागि आफ्ना पार्टीका प्रतिनिधिसभा सदस्यहरुका हस्ताक्षर सङ्कलन गरेका छन्।

सम्भवतः मुख्य दलहरुबीच निर्धारित समयभित्रै प्रधानमन्त्रीका लागि समझदारी हुनेछ। प्रधानमन्त्रीको चयनमा साना दलहरुको पनि महत्वपूर्ण भूमिका हुन्छ। कतिखेर, के उलटफेर हुनेछ भन्ने आकलन गर्न कठिनाइ छ । अहिलेको अवस्थालाई दृष्टिगत गर्दा शेरबहादुर देउवा वा पुष्पकमल दाहालमध्ये एक जना प्रधानमन्त्री हुने निश्चित जस्तो देखिन्छ।

देउवालाई प्रधानमन्त्री बनाउनमा माओवादी केन्द्रले निर्णायक भूमिका खेलेको थियो भने अव, काँग्रेसलाई प्रचण्डलाई प्रधानमन्त्री बनाउनका लागि भूमिका खेल्नुपर्छ भनेर माओवादी केन्द्रका नेताहरुको अडानबाट टसमस भएको छैन्। एमालेका अध्यक्ष केपि ओलीले गठबन्धन नभत्किएसम्म कसैलाई समर्थन नगर्ने पक्षमा छन् । कतिखेर, गठबन्धन भत्किने छ भने बकुलाजस्तै ध्यान लगाएर बस्नु भएको छ।कुटनीतिका माहिर खेलाडी ओलीले गठबन्धनलाई भत्काउनका लागि आफ्नो राजनीतिक जालो विछ्याएको हुनु पर्दछ। सो जालोभित्र प्रचण्ड वा देउवामध्ये 'को' फस्ने हो ? हेर्दै जाऊ ! प्रधानमन्त्रीको कुर्सीको खेल यसपटक, बडो रोमाञ्चकारी हुने सम्भावना छ । यसपल्टको जनादेश नै धेरै बढी विभाजित छन् । त्यसकारण, सरकार बनाउने विषय कसैको लागि सहज छैन् । प्रधानमन्त्री पद पाउने दललाई धेरै बढी त्याग गर्नुपर्ने हुन्छ । कुनै सहयोगी दलको समर्थन पाउनका लागि अधिकांस प्रदेशहरुका मुख्यमन्त्रीका साथै राष्ट्रपति र सभामुख पद छोड्नुपर्ने हुन्छ । यी महत्वपूर्ण पदका साथै अन्य विभिन्न किसिम उच्चस्तरका राजनीतिक पदका लागि पनि सहमति गर्नुपर्छ। समर्थित दलहरुको क्षमताभन्दा बढीको मागलाई स्वीकार गर्ने दलले प्रधानमन्त्री पाउनेछन् । राष्ट्रिय दल बन्न नसकेका पार्टीहरुले पनि सार्वजनिक रुपमा राष्ट्रपतिको माग अघि सारेका छन् । अव, तपाई सहज रुपले अनुमान गर्नुस कि प्रधानमन्त्रीको कुर्सी पाउन भनेको फलामे च्यूरा चपाउने सरह छ कि छैन् ।

२०७४ सालको निर्वाचनमा एमाले र माओवादीको प्रतिनिधिसभाका साथै ६ वटा प्रदेशमा स्पष्ट बहुमत थियो । केपि ओली निर्विकल्प प्रधानमन्त्रीको उम्मेद्वार थिए । र, उहाँको नेतृत्वमा सरकार गठन भएको थियो । २०७९को निर्वाचनको परिणामले कुनैपनि दललाई बहुमतको नजिक पनि पुऱ्याएको छैन् । यद्यपि, काँग्रेस ठूलो दल बनेपनि आफ्नो नेतृत्वमा सरकार बनाउनका लागि थप ४९ जना साँसद चाहिन्छ । माओवादीको ३२, एकीकृत समाजवादीको १० र राष्ट्रिय जनमोर्चाको एक र लोसपाको चार गरी ४७ पुग्छ। स्पष्ट बहुमतको लागि जनमत वा नागरिक उन्मुक्ति पार्टीको पार्टीको समर्थन चाहिन्छ।

**प्रधानमन्त्रीको चयन प्रदेशको चक्रब्यूँहमा फस्ने खतरा**

काँग्रेसले आफ्नो अडान नछोडेको खण्डमा प्रचण्ड सहमत भएपनि राष्ट्रपति र सभामुखका साथै कमसेकम दुईवटा प्रदेशको मुख्यमन्त्रीको माग गर्नेछन्। काँग्रेसले प्रचण्डको मागलाई सहज स्वीकार गरेपछि मात्र काँग्रेसको नेतृत्वमा सरकार गठन हुने हो।

अर्कोतर्फ, प्रचण्डले प्रधानमन्त्री कुनैपनि शर्तमा नछोड्ने अडानबाट हटेन भने काँग्रेससमक्ष दुईवटा विकल्प रहन्छ । पहिलो, प्रचण्डलाई समर्थन गरेर गठबन्धनलाई जोगाउने । दोश्रो प्रचण्डलाई छोडेर आफ्नो नेतृत्वमा सरकार गठनका लागि अन्य दलको समर्थन लिनका अग्रसर हुने । माओवादीको ३२ जना प्रतिनिधिसभा सदस्य छन् । माओवादी अलग भएमा ति काँग्रेसलाई स्वतन्त्र पार्टीको (२०) र जनता समाजवादी पार्टीको (१२) समर्थनले सो सङ्ख्याको परिपूर्ति हुन्छ यदि, माओवादीले एकीकृत समाजवादीलाई पनि आफ्नै साथमा लिएर गएको खण्डमा बहुमत पुऱ्याउन सकस हुन्छ । यस्तो अवस्थामा एकीकृत समाजवादीलाई राष्ट्रपति पद दिने भनेर फकाउनु पर्छ। जनता समाजवादी पार्टीका नेता उपेन्द्र यादवले पनि पक्कै मोलतोल गर्नेछन् । उहाँले मधेश प्रदेशमा आफ्नो दलको नेतृत्वमा सरकार गठनको प्रस्ताव अघि सार्ने प्रवल सम्भावना देखिन्छ। सो पार्टीलाई मधेश प्रदेशमा मुख्यमन्त्री दिने भनेर सहमति गर्नुपर्छ । जसपालाई मधेश प्रदेशको मुख्यमन्त्री बनाउनमा जसले समर्थन दिनेछ, त्यस दलसँग सहमति गर्ने चर्चा छ। अर्कोतर्फ, जसपालाई मुख्यमन्त्री दिने पक्षमा काँग्रेस गयो भने जनमत पार्टी र लोसपा पार्टी अलग हुने खतरा पनि छ । किनभने, ति दुवै दलले मधेश प्रदेशको मुख्यमन्त्री दिँदा आफ्नो बर्चस्व स्थायित्व पाउन नसक्ने डर हुन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी र जसपाले अहिलेसम्म कसलाई समर्थन गर्ने विषयमा केही बोलेको छैन् । यी दुवै दलले 'पर्ख र हेर !'को नीति लिएको छ। माओवादी गठबन्धनबाट बाहिरिएपछि यी दुई दलमध्ये कुनै एक दलले काँग्रेसलाई समर्थन नगरेको खण्डमा काँग्रेसको नेतृत्वमा सरकार गठन नहुने निश्चित छ। काँग्रेसलाई गठबन्धन जोगाएर प्रधानमन्त्री पद लिनुछ भने जसरीपनि प्रचण्डलाई मनाउनु पर्छ । तसर्थ, प्रचण्ड बाहिरिए भने साना दलहरुको वार्गेनिङ्गले गर्दा काँग्रेस 'निल्नु न ओकल्नु' अवस्थामा पुग्ने छ।

**के प्रचण्ड प्रधानमन्त्री बन्ने छ ?**

प्रतिनिधिसभाको अङ्कगणितको आधारमा प्रचण्डको दुइटै हातमा लड्डु छ। उहाँले जसरीपनि प्रधानमन्त्री बन्नु छ भने अडान लिएमा उहाँ प्रधानमन्त्री बन्ने प्रवल सम्भावना छ। तर, केपि ओलीप्रति अझैं प्रचण्ड संशङकित छन् । गठबन्धनबाट बाहिरिएपछि कतै ओलीले आफूलाई समर्थन नगरे भने राजनीतिक अस्तित्व नै सकिने खतरा पनि छ । निर्वाचनको समयमा उपेन्द्र यादवलाई गठबन्धन छोडेर आउनुस, जति सिट चाहियो, दिउँला भनेर आश्वासन दिएको थियो। उपेन्द्र यादव गठबन्धनबाट बाहिरिएपछि मधेश प्रदेशमा जुन जुन ठाउँमा एमालेको पकड थियो । त्यो सिट एमालेले छोडेनन् । यसका साथै ओलीलाई प्रधानमन्त्री बनाउने बेलामा आलोपालो गर्ने सहमति कार्यान्वयन नभएको कारणले पनि प्रचण्ड हत्तपत्त विश्वास गर्छ भन्ने अवस्था तत्काल देखिएको छैन्। अर्को, गठबन्धन छोडेपछि कतै एमालेले काँग्रेसलाई समर्थन गऱ्यो भने के हुने डर पनि छ। तसर्थ, अन्तिम समयसम्म प्रचण्ड गठबन्धनमै बस्ने र केपि ओलीले लिखित सहमति सार्वजनिक गरेपछि मात्र गठबन्धन छोड्ने छ, जस्तो बुझिन्छ।

शुरुको दुई बर्ष प्रचण्डलाई दिने विषयमा काँग्रेस सहमत भयो भने सत्तारुढ गठबन्धनको आयु लम्बिने छ। नत्र, प्रचण्ड कतै प्रधानमन्त्री बन्नका लागि खेमा परिवर्तन गऱ्यो भने गठबन्धन भत्किने छ।

एमालेसँग अहिले राप्रपा छ । मधेश प्रदेशको मुख्यमन्त्री जसपालाई दिने सहमति भयो भने प्रचण्डले सहज ढङ्गले बहुमत पाउने देखिन्छ । एकीकृत समाजवादी शुरु शुरुमा घुर्की देखाएपनि अन्ततः प्रचण्डकै पक्षमा जानेछ । एमालेको ७८, माओवादीकेन्द्रको ३२, राप्रपाको १४ र जसपाको १२ र नेमकिपाको एक गरी १३७ पुग्छ। स्वतन्त्रको एक जनाको समर्थन पाएर बहुमत पुग्ने देखिन्छ।

राजनीतिमा स्थायी दुश्मण र स्थायी मित्र हुँदैन् । स्वार्थ मिल्नासाथ मित्र बन्नमा बेर लाग्दैन् । यसअघि, केपि ओलीले प्रचण्डलाई फोनमार्फत मिलेर जानका लागि आग्रह गरिसकेका छन् । त्यसपछि, दुवै पार्टीका दोश्रो तहका नेताहरुबीच पटक पटक वार्तापनि भएका छन् । हुन त काँग्रेस र एमालेबीच पनि वार्ता भइरहेको अवस्था छ। यदि, एमालेले प्रचण्डलाई प्रधानमन्त्रीको प्रलोभनमा पारेर सत्तारुढ गठबन्धनबाट अलग पार्न सफल भयो भने उहाँको कुटनीति सफल हुनेछ।

**काँग्रेस र एमालेको गठबन्धन**

केपि ओलीले एमाले र काँग्रेसलाई मिलेर सरकार गठनका लागि एक साताअघि नै प्रस्ताव राख्नु भएको थियो। त्यसपछि, आन्तरिक रुपमा दुवै दलका नेताहरुबीच पटक पटक भेटघाट बाक्लिएको छ । त्यसो त माओवादी केन्द्रका नेताहरु पनि एमालेसँग वार्तामा सक्रिय छन् । काँग्रेसले एमालेसँग मिलेर सरकार बनाउने प्रस्ताव अघि सार्‍यो भने दुवै दल मिलेर सरकार बन्ने प्रवल सम्भावना छ। यो अवस्था तव निम्तिने जव, प्रचण्ड विधिवत रुपमा गठबन्धन छोड्छन् । त्यसपछि, सरकार बनाउने साँचो एमालेसँग रहनेछ। ओलीले प्रचण्ड वा देउवाहरुलाई बालकोटको दरवारमा हाजिर हुन बाध्य पार्छन् । अन्तिम समयमा कसको टाउँकोमा प्रधानमन्त्रीको टोपी पहिराउने छ भन्ने ओलीको निर्णयमा निर्भर हुनु पर्छ।

मुलुकमा राजनीतिक स्थिरता चाहिएको छ । काँग्रेस र एमाले मिलेर सरकार बनाउँदा उपयुक्त हुन्छ भनेर कतिपयको सोचाई छ । अर्कोतर्फ, दुवै दल मिलेर सरकार बनाए भने प्रतिपक्ष कमजोर हुन्छ । लोकतन्त्रमा प्रतिपक्षपनि सशक्त हुनुपर्छ । प्रदेशका मुख्यमन्त्रीलगायतका विषयमा प्याकेजमैं सहमतिको विषयले गर्दा सरकार गठनमा कतै ढिलाई हुने त होइन भन्ने शङ्का पनि छ।

**डा. सिके राउतको बुझपचाई,**

जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले प्रतिनिधिसभा सदस्य पदको लागि कथित 'मधेशी भाषा'मा शपथ लिएपछि खासगरी मधेश प्रदेशमा चर्चाको विषय बनेको छ । सप्तरी-२बाट निर्वाचन डा. राउतको मातृभाषा मैथिली हो । नेपालमा सूचीकृत भाषाको सूचीमा मधेशी भाषा सूचीकृत नभएको भाषा हो । मधेश एक भूगोल हो। उहाँको लिनु भएको शपथको शब्द मैथिली भाषाकै हो । मैथिली भाषालाई 'मधेशी भाषा' बनाउन खोजिएको हो कि आफूलाई मैथिलीभाषिको आरोप नलागोस भन्ने डरले मैथिली भाषालाई मधेशी भाषाको संज्ञा दिनु भएको हो ? जे भएपनि यो बुझपचाइले गर्दा अनाहकको विवादमा फस्नु भएको देखिन्छ।

उहाँ वैज्ञानिक हुनुहुन्छ । वैज्ञानिक भनेको अनुसन्धानकर्ता। आफ्नो वैज्ञानिकताको उपयोग नेपालको राजनीतिमा गरेको देखिन्छ। उहाँ राजनीतिको सुरुवात गर्दा 'स्वराज'को नारा दिनुभयो । त्यसपछि, संविधानअन्तर्गत निर्वाचनमा होमिनु भयो । अव, उहाँ भाषाको अनुसन्धान शुरु गर्नु भएको हो कि ? मैथिली भाषामा शपथ लिंदा आफू मैथिलीको पक्षधर रहेको आरोप लाग्न सक्ने देखेर रातारात नयाँ भाषाको रुपमा मधेश भाषाको उत्थान गर्नुभएको रुपमा सम्झनु पर्छ। केही दिनपछि सम्भवतः उहाँ मन्त्री बन्नु हुनेछ। त्यसपछि, फेरी शपथ लिनुपर्छ । मधेश भाषा नेपालमा सूचीकृत नरहेकाल त्यो कथित भाषामा शपथ लिन पाइने छैन् । त्यसपछि, उहाँसमक्ष दुईवटा विकल्प रहनेछ । नेपाली भाषा वा मैथिली भाषामा शपथ लिनुपर्ने हुन्छ । मधेशी भाषामै शपथ लिने अडान लिनुभएको भने सम्भवतः शपथ पाउन नसकिने अवस्था हुन्छ। यस्तो अवस्थामा नेपाली र कथित मधेशी भाषामा शपथ लिने भनेर आकलन गर्न गर्दा हुन्छ। मेरो नजरमा उहाँ समयअनुसार चल्ने चलाख व्यक्ति हुनुहुन्छ।

यो मात्र शपथसम्म सीमित रहने हो कि आगामी दिनमा यसलाई मुद्धा बनाएर मधेशको मधेशी भाषालाई सूचीकृत गराउनका लागि आवाज उठाउने त होइन् भन्ने शङ्का गर्ने ठाउँपनि देखिन्छ । किनभने, यो डाक्टर शाहेवलाई पनि सधै अर्को डाक्टर. बाबुराम भट्टराइजस्तै चर्चामैं रहने बानी परेको त छैन्। 'इतिश्री'!

# प्रचन्ड परिक्षणको घडीमा, 'गठबन्धनको नायक बन्ने कि खलनायक ?'



अनिल तिवारी

विभिन्न आन्दोलको इतिहासका जङ्गमा चुनाव लगदै आएको दलहरुलाईयसपालिको चुनावले दिएको परिणाम आफैमा आनौठो छ ।समय कालचक्रसंगै परिवर्तीत नेपालको राजनैतिक खन्डमा दलहरुको यसपालिको चुनावी प्रचार प्रसारसंगै आएको यसपालिको परिणाम नेपालको इतिहासमा विशेष रहने छ । किनकि दलहरुले पनि विगतमा भजाउदै आएका ०४६सालको प्रजातान्त्रिक आन्दोलन,जनयुद्ध र मधेस आन्दोलनको बलभन्दा पनि गठबन्धनकै बलमा चुनावी अभियानमा होमिएका थिए ।परिणाम स्वरुप लाखौं युवाले आक्रोश अभिव्यक्त गर्दै केहि नया शक्तिहरुलाई अभिमत्त व्यक्त गर्दै पुराना नेताहरुलाई चेतावनीको सकेत दिएका छन।

तर यसरी मात्र बुझ्यौं भने त्यो अधकल्चो हुन्छ। गलत हुन्छ। यसमा युवाहरूको आक्रोश मात्र होइन, परिवर्तनको आकांक्षा पनि जोडिएको छ जो आफैंमा धेरै तागतवर र सकारात्मक कुरा हो।

यो चुनावी परिणामले देश र जनताले राजेको मुख्यमुदा विकास र सत्तासंचालनलाई दिर्घता दिनु नै सहज रुपमा बुझ्न शकिन्छ छ । केहि नेता र दलले गठबन्ध वा आफ्ना पार्टि पनि फेर्न सकिन्छ भन्ने आत्मविश्वास अधिकांस उम्मेदवारमा पनि देखियो । भन्ने विगतमा विखन्डनका कुरा गर्नेले पनि शान्तिपूर्ण बाटोबाट नयाँ दल बनाएर पुरानालाई चुनौती दिन सकिन्छ भन्ने साहस देखियो, जो पछिल्ला ३० वर्षमा कहिल्यै देखिएको थिएन ।आफ्ना क्षेत्रमा गरेको विकास र जनतामाझ लोकप्रिय रहेको प्रमाणित गर्दै पार्टी परित्यागी स्वतन्त्रबाट पनि चुनाव जितेका छन् ।

२०४६सालेको प्रजातन्त्रप्राप्ता पछि जनताले झेल्दै आएका अफठ्याराको कारण उम्लिएको आक्रोशलाई परिवर्तनको सकारात्मक ऊर्जालाई जनमतबाट फेर्न सकिन्छ भने परिवर्तन तर्फ ठुलो जनमत देखियो। निर्वाचन र मतपत्रको तागतमा युवा पिँढीको विश्वास देखिनु हाम्रो लोकतन्त्रको ठूलो जीत हो । नभुलौं, धेरै मुलुकमा लोकतन्त्रमाथि विश्वास उठेर युवाहरू सडकमा आएका छन् ।

तर पनि सत्ताधारी गठबन्धले बहुमत प्राप्त गरको छ ।जुन प्रचन्ड लगायतका सबै नेताहरुको लागी एउटा ठुलो अवसर पनि हो । दुर्भाग्य, युवाहरूको यति ठूलो आकांक्षालाई पुराना दलका चिरस्थायी नेताले बुझ्न सकेनन भने धरापमा पर्ने निश्चयनै छ ।सत्ताको स्वार्थमा उल्टो बक्रदृष्टिले हेरे भने प्रचन्डले मुलुकलाई फेरि सत्ता फेरबदलमा फसाउनु उचित हुदैन । नेपाली राजनीतिमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई अस्थिर राजनीतिज्ञको रुपमा विश्लेषण गर्ने चलन बसेको छ। तर प्रचण्डले भने आफूलाई गतिशील राजनीतिज्ञको रुपमा ब्याख्या गर्दै वास्तविकताबाट बच्दै आएका छन ।

०६४ सालको निर्वाचनमा मुलुकको जनमतले माओवादीलाई सबैभन्दा ठूलो पार्टी बनाएको थियो ।परिणाम स्वरुप गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री बनेका प्रचण्ड विभिन्न राजनैतिक आरोह अवरोह पार गर्दै अहिले सत्ता गठबन्धनको साथमा रहेका छन् ।अगामि स्थायी सरकार गठबन्धकै हुने भने प्रतिवद्धताका साथ चुनाव व्यक्त गरिएका चुनावी प्रचार अनुसार सत्ताधारी गठबन्धनले बहुमत पनि प्राप्त गरेको छ। केहीले प्रचण्ड प्रधानमन्त्री पद नपाए गठबन्धन छोड्न सक्ने आँकलनहरु गरिरहेका छन्।

तर, प्रचण्डलाई विगतका गलतीलाई सुधार गर्ने अवसर आएको छ ।किनभने नेपाली राजनीतिको अस्थिता रुपमा चरित्रीत गर्ने बिरोधीहरुलाई पनि देखाउने उनको लागी यो सुवर्ण अवसर हो ।त्यसकारण पनि नेपालको राजनीतिक स्थिरताका लागि पनि गठबन्धन कायमै गर्नुपर्ने मुलुकको आवश्यकता पनि हो ।

दलगत चुनावी मुदाबाट पनि माथी उठेर निर्माण भएको गठबन्धबाट स्थानिय चुनाव देखि प्रादेशिक र संघीय लगायत सबै चुनावमा सबै भन्दा बढी उपलब्धि माओवादी केन्द्रले हासिल गरेको छ ।यति मात्र होइन बाबुराम भट्टराइ जस्ता नेताले सबै राजनैतिक स्वर्थ त्यागदै गोरखाको आफनै निर्वाचन क्षेत्रबाट चुनाव लडाएर प्रचन्डलाई ठुलो मतबाट बिजयी बनाएका छन। प्रचन्डले पनि निर्वाचन पछि पनि वाम-लोकतान्त्रिक गठबन्धनको नै स्थायी सरकार बन्ने ठोकुवा गर्दै आएका थिए। उनले गठबन्धन कायम गर्ने नेपाली कांग्रेसको निर्णयलाई पनि स्वागत गरेका थिए।

उनले यसअघि नै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिगामी चालेको र त्यसविरुद्ध गठबन्धन बनाइएकोले अहिलेको गठबन्धनको विकल्प नभएको बताउँदै आएका छन् । २०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिकरुपमा संसद् विघटन गरेपछि प्रचण्डकै पहलमा अहिलेको गठबन्धन बनेको थियो ।राजनैति मुल्यमान्यतालाई नेपाली कांग्रेसले त्यागगर्दै ओलीसंगै चुनावमा होमिएको भए नेपाली कांग्रेसले बहुमत पाउने निश्चित थियो ।तर त्यससंगै



निश्चयनै प्रचन्ड र माधव नेपाल तथा झलनाथ खनाल जस्ता नेताहरुको राजनैति भबिष्य पनि ठुलो चुनौतिपुर्ण अवस्थामा पुगेको थियो ।तर सविधानको सैद्धान्ति मर्म र दलगत स्थायीत्वको लागी गठबन्धन बनाएर नेपाली कांग्रेस सरकार संचालन गरेर मुलुकलाई मध्यावधी चुनावबाट बचाउने दुर्गामि पहल गर्यो । उनले यस गठबन्धनको औचित्यबारे प्रष्ट पार्दै भनेका थिए, 'नेकपा एमालेसँग पार्टी एकता गर्नु वस्तुतः सही भए पनि केपी शर्मा ओली र उनको गुटमा देखा परेको अहंकार, पदलोलुपता, आत्मसमर्पणवाद र दक्षिणपन्थी अवसरवादका कारण नेकपा विभाजन भएको हो। ओलीले पार्टीलाई दक्षिणपन्थी कित्तामा उभ्याउने, सरकारलाई आफू निकट व्यक्ति पोस्ने र दलाल नोकरशाही पुँजीवादलाई हुर्काउने साधनको रुपमा दुरुपपयोग गरेको, संघीयता, गणतन्त्र र संविधानमाथि नै आक्रमण गरेका कारण हामीले गठबन्धन बनाएका हौं।'

ओलीले प्रधानमन्त्री पदमा पुग्न र निरंकुश बन्नका लागि मात्र पार्टी एकता गरेको क्रमशः प्रष्ट हुँदै गएकोले ओलीसँग मिल्न सकिने कुनै सम्भावना नरहेको पनि उनले प्रष्ट पारेका थिए । राष्ट्रपति विद्यादेवी भण्डारीले पनि ओलीले गरेका असंवैधानिक कदमलाई आँखा चिम्लिएर समर्थन गरेको प्रति उनी रुष्ट बनेका थिए । संविधानको रक्षा, लोकतन्त्रको संस्थागत, संघीयताको पूर्ण कार्यान्वयन, प्रतिगमनलाई पूर्ण रुपमा परास्त गर्ने, र शान्ति प्रक्रियाका बाँकी कामको पूर्णता जस्ता जिम्मेवारी गठबन्धनको रहेकाले अहिले यस गठबन्धनको विकल्प नभएको उनले बताएका छन्।

यसरी गठबन्धनको विकल्प नभएको बताउने प्रचण्डलाई अहिले एमाले अध्यक्ष ओलीले विभिन्न अफरहरु देखाएर सत्ताको बार्गेनिग गर्ने कार्य कुनैपनि रुपमा मुलुकका हितमा छैन । अतः प्रचण्डले बिगतका गल्तीहरुलाई सच्याउनु भन्दा पनि दोह्रयाउनु ठुलो भूलनै हुने छ । २०७२ सालमा पनि ओलीले आधा-आधा कार्यकाल प्रधानमन्त्री बन्ने सहमति भएको र अन्तिममा धोका दिएको र २०७७ मा पनि प्रचण्डलाई धोका दिँदै संसद् विघटन गरेका कारण ओलीले गरेका कुनै पनि प्रस्तावमा पुन प्रचन्ड फसनु भनेको राजनैतिक दाहमात्रै हुने अनुमान सहज रुपमा लगाउनु सकिन्छ।

प्रचण्डका लागि सहज र दुई-दुई वर्ष कार्यकाल विभाजन गरेर देउवासँग रहनु नै उनका लागि हितकर हुने देखिन्छ। प्रचण्डलाई २०७२ मा ओलीले धोका दिएपछि कांग्रेसले साहरा दिएको र प्रधानमन्त्री देउवाले सहमति अनुसार नै पहिला प्रचण्डलाई नै प्रधानमन्त्री बनाएका थिए । अहिले पनि पहिले देउवालाई प्रधानमन्त्री बन्न दिने र त्यसपछि प्रचण्ड प्रधानमन्त्री बन्दै मुलुकको सर्वाधिक हितका लागि जनताले दिएको म्यान्डेटलाई सम्मान गर्नु नै प्रचण्डको राजनीतिक सफलता मानिनेछ।

राजनीतिक चेत र दृष्टिकोण निर्माणमा अहिले नेपाली परिवार र समाजमा भइरहेको उलट पुलटबारे पनि प्रचन्ड जस्ता पुराना नेताहरु बेखबर हुनु राम्रो संकेत होइन। घरपरिवारका अगुवाहरुलाई हेरेर छोराछोरी कांग्रेस, कम्युनिस्ट वा राप्रपा बन्थे ।तर तराईमा मधेस आन्दोलन र त्यसपछि यो पाली स्थानीय चुनावमा होमिएका गठबन्धनका उम्मेदवारले तिस दसकको दलगत बिरासतलाई तोडेको छ ।अब मुलुकको जनमतले स्थाइ सरकार र विकासको मुहान खुलाउन नेताहरुको ढोका ढक ढकाई रहेको छ।

माओवादी सशस्त्र जनयुद्धको आफ्नै इतिहास छ। प्रचण्डले ठूलो खतरा मोलेर माओवादी राजनीति अघि बढाएका नेता हुन् । मुलुकलाई गणतन्त्रमा लगेर जनताको शासनमाथि दरबारको खतरा सधैंका लागि सक्काउन र मुलुकलाई समानुपातिक-समावेशी लोकतन्त्रमा लैजान उनको ठूलो योगदान छ ।तर शान्ति प्रक्रिया हुदै राजनैतिक स्थायीत्वमा पुगेका जनतालाई विकास र प्रगति चहिएको छ । निमुखा, समाजमा हेपिएका र बञ्चितीमा परेका नागरिकलाई राजनीतिको मूलप्रवाहमा ल्याउन विकासको प्रवाह चाहिए छ ।यो कुरालाई समयमै प्रचन्डले चेतेनन भने निश्चय नै आउने सन्ततीले उनलाई राजनेता भन्दा पनि खलनेताको सज्ञा दिन पछि पर्दैनन ।

## प्रधानमन्त्री देउवाकै नेतृत्वमा नयाँ सरकार गठन गर्न माग

काठमाण्डु । नेपाली कांग्रेसका सांसदहरुले प्रधानमन्त्री शेरबहादुर देउवाकै नेतृत्वमा नयाँ सरकार गठन गर्न माग गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बलुवाटार पुगी प्रधानमन्त्री देउवालाई भेटेर सांसदहरुले प्रतिनिधिसभाको सबैभन्दा ठूलो राजनीतिक दलको हैसियतले कांग्रेसकै नेतृत्वमा सरकार गठन हुनु स्वाभाविक हुने जानकारी गराएको सांसद चन्दा चौधरीले जानकारी दिनुभयो । जवाफमा प्रधानमन्त्री देउवाले सांसदले उठाएका मागलाई गम्भीरतापूर्वक लिँदै त्यसबारे जानकारी गराउने बताउनुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ सरकार गठनका लागि राजनीतिक दलहरुलाई दाबी पेस गर्न दिएको समय सीमा आइतबार सकिँदैछ । प्रतिनिधिसभामा कांग्रेस ८९ सिटसहित ठूलो दलका रूपमा रहेको छ । रासस

## प्रधानमन्त्री नछाड्न कांग्रेस महिला सांसदहरुको दबाब

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका महिला सांसदहरुले स्थानीय तह र संघ तथा प्रदेशको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको भन्दै अब बन्ने सरकारको नेतृत्वपनि वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले नै गर्नुपर्नेमा जोड दिएका छन् ।

नयाँ सरकार गठनको पूर्व सन्ध्यामा आज (शनिबार) कांग्रेसका महिला सांसदहरुले प्रधानमन्त्री एवम् कांग्रेस सभापति देउवालाई भेटेर यस्तो आग्रह गरेका हुन् । कांग्रेस महिला सांसदहरु मञ्जु खाँण, चन्दा चौधरीलगायत आधा दर्जन सांसदहरु बालुवाटार पुगेर यस्तो दबाब दिएका हुन् । देउवा नयाँ सरकार गठनको लागि गृहकार्यमा जुटेका छन् ।



उनले आजै कांग्रेस सांसदहरुलाई बालुवाटारमा भेला गराएका छन् । र, नयाँ सरकारको लागि सांसदहरुको हस्ताक्षर संकलन गरेका छन् । उता, गठबन्धनकै मुख्य घटक नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले सरकारको नेतृत्वमा दाबी गरेका छन् । बैठकमा देउवा र दाहालले सहकार्य निरन्तरता दिने वा टुँग्याउने भन्ने विषयमा निर्णायक छलफल गर्ने बुझिएको छ ।

## सार्वजनिकस्थलमा अनिवार्य मास्क लगाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाण्डु । नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिकस्थलमा अनिवार्य मास्क लगाउन अनुरोध गरेको छ । मन्त्रालयले शनिवार एक विज्ञप्ति प्रकाशित गरी छिमेकी देशमा कोरोना भाइरसको नयाँ भेरियन्ट बिएफ-७ को सङ्क्रमण बढ्दै गएको भन्दै मास्क लगाउन आग्रह गरेको हो ।

यसैगरी मन्त्रालयले भौतिक दूरीसमेत कायम गर्न पनि आग्रह गरेको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता तथा डा सञ्जयकुमार ठाकुरद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा स्यानिटाइजरको प्रयोग गर्न, नियमितरूपमा साबुनपानीले हात धुनेलगायत स्वास्थ्यका सबै मापदण्ड अनिवार्य पालना गर्न आग्रह गरिएको छ ।

यसैगरी कोभिड-१९ को बुस्टर डोज खोप लगाउन पनि अपिल गरिएको छ ।

अङ्ग्रेजी नयाँ वर्ष २०२३, क्रिसमसलगायत कुनै पनि भिडभाड हुने स्थलमा विशेष सतर्कता अपाउनसमेत मन्त्रालयले आग्रह गरेको छ । नेपालमा बिएफ-७ भेरियन्ट पुष्टि नभए पनि चीन र भारतमा बढ्दै गएकाले खुला सिमाना र आवतजावतका कारण जोखिम रहेको विज्ञप्तिमा उल्लेख छ ।

**कोभिड–१९ जोखिम बढ्न सक्नेतर्फ सजग रहन गृहको आग्रह**

गृह मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण नेपालमा कम भए पनि विश्वव्यापी रूपमा हेर्दा छिमेकी राष्ट्रलगायत केही देशहरूमा सङ्क्रमणका नयाँ स्वरुप (भेरिएन्ट) देखापरेकाले त्यसको जोखिम तथा असर नेपालमा पनि पर्न सक्ने अवस्थाप्रति सजग एवं सूसुचित हुन अनुरोध गरेको छ ।

मन्त्रालयले जिल्लास्थित सुरक्षा समिति, स्वास्थ्य कार्यालय, स्थानीय तहलगायत सरोकारवाला निकायको समन्वयमा सार्वजनिक यातायातका साधन तथा बढी भीडभाड हुने स्थानमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्था मिलाउन पनि आग्रह गरेको छ ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा शनिवार जारी विज्ञप्तिमा एकअर्कामा भौतिक दूरी कायम राख्ने तथा व्यक्तिगत सरसफाइलगायतमा आवश्यक स्वास्थ्य मापदण्डको पालना गर्ने व्यवस्था मिलाउन पनि अनुरोध गरेको छ । रासस

## विविधताबीचको एकता नै नेपालीको पहिचान : उपराष्ट्रपति

काठमाण्डु । उपराष्ट्रपति नन्दबहादुर पुनले हाम्रो विविधतायुक्त धार्मिक एवं सांस्कृतिक चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राख्दै राष्ट्रिय एकतालाई मजबुत बनाउन महत्वपूर्ण योगदान दिएको बताउनुभएको छ ।

इसाई धर्मावलम्बीको पर्व क्रिसमस डेको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका इसाई धर्मावलम्बीलाई शुभकामना दिनुहुँदै उहाँले यस्ता पर्वले नेपालीका बीच आपसी सद्भाव, सामाजिक एकता, भातृत्व र सहिष्णुता कायम राख्दै सिङ्गो नेपाली जनताको एकता र सहकार्यलाई सुदृढ बनाउँदै लैजाने विश्वास व्यक्त गर्नुभएको छ ।



बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधताले भरिपूर्ण हाम्रो देश धर्मनिरपेक्ष राष्ट्र रहेको स्मरण गर्दै उपराष्ट्रपतिले यस्ता पर्वले समुन्नत र समृद्ध नेपाल निर्माणमा अघि बढ्न हामी सबैलाई ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

विभिन्न जातजाति, भाषाभाषी र धर्म संस्कृतिका समुदायको समिश्रित बसोबास रहेको उल्लेख गर्दै उहाँले विभिन्न समुदायको आफ्नो भाषा, धर्म, संस्कार संस्कृति रहेको तथा विविधता बीचको एकता नै नेपालीको साझा पहिचान भएको बताउनुभयो ।

सन्देशमा उपराष्ट्रपतिले भन्नुभएको छ, "विभिन्न धर्म संस्कृति मान्ने सम्पूर्ण नेपालीका बीच आपसी सद्भाव, सामाजिक एकता, भातृत्व र सहिष्णुता कायम गर्दै आएका छन् । हामी एकले अर्काको धार्मिक तथा सांस्कृतिक पहिचानलाई स्वीकार र सम्मान गर्न सक्नुपर्दछ । यसो गर्दा मात्र हाम्रो राष्ट्रिय एकता अझै सुदृढ् हुन सक्छ ।' रासस

## अमेरिकास्थित नेपाली दूतावासले सङ्कलन गरेको 'मनी अर्डर' र 'क्यासियर चेक' लुटियो

काठमाण्डु । अमेरिकाको वासिङ्टन डिसीस्थित नेपाली दूतावासको सवारीसाधनमा लुटपाट भएको छ । त्यहाँस्थित नेपाल दूतावासले एक सूचना जारी गर्दै अमेरिकाको डालास, अस्टिन र ह्युस्टनमा सञ्चालित कन्सुलर सेवा शिविरबाट सङ्कलित 'मनी अर्डर' र 'क्यासियर चेक' लुटिएको जनाएको हो ।

दूतावासले डिसेम्बर १५ देखि २० सम्म टेक्सासको डालस, अस्टिन र ह्युस्टन सहरमा आयोजना गरेको कन्सुलर सेवा शिविरमा सेवाग्राहीले शूल्कवापत बुझाएको मनी अर्डर र क्यासियर चेकसहित दूतावासका कर्मचारीहरू २२ डिसेम्बरमा ह्युस्टनबाट वासिङ्टन डिसीतर्फ गइरहेका थिए । त्यसक्रममा बिहीबार दिउँसो १२ बजे पार्किङमा राखिएको दूतावासको सवारीसाधन तोडफोड गरी लुटिएको हो ।

उक्त घटनापछि तत्काल ' ह्युस्टन पुलिस डिपार्टमेन्ट' तथा 'डिप्लोमेटिक सेक्युरिटी डिभिजन'लगायतका सुरक्षा निकायमा उजुरी गरी लुटिएको मनी अर्डर र क्यासियर चेक फिर्ता लिने प्रयास भइरहेको दूतावासले जनाएको छ ।

सेवाग्राहीको नजिकै गई सेवा प्रवाह गर्ने क्रममा भएको यो घटनाको अनुसन्धान गरी लुटिएको राजस्व रकम फिर्ता गर्ने कार्यमा सहयोग गर्न दूतावासले अपिल गरेको छ । त्यस्तै त्यसरी लुटिएका मनी अर्डर र क्यासियर चेक रद्द गर्नका लागि पनि दूतावासले आग्रह गरेको छ ।

"कन्सुलर सेवा शिविरबाट सेवा प्राप्त गर्ने सबै सेवाग्राहीहरूले सेवा प्राप्त गर्दा पेस गर्नुभएको मनी अर्डर वा क्यासियर चेक यदि रद्द गर्न सम्भव भएमा आफूले मनी अर्डर वा क्यासियर चेक बनाएको सम्बन्धित स्टोर वा बैंकमा गई तत्काल ती रद्द गर्न अनुरोध छ', दूतावासले जारी गरेको सूचनामा भनिएको छ । रासस

## प्रधानमन्त्रीमा हलो अड्किँदैन : मन्त्री कार्की

टुडे समाचारदाता

काठमाण्डु । कांग्रेस नेता तथा सरकारका प्रवक्ता ज्ञानेन्द्र बहादुर कार्कीले प्रधानमन्त्रीमा हलो नअड्कने दाबी गरेका छन् । शनिबार बालुवाटारमा शक्ति बाँडफाँटका लागि बसेको बैठकपछि मन्त्री कार्कीले आगामी दिनमा गठबन्धनकै सरकार बन्ने दाबी गरेका हुन् ।

उनले नयाँ सरकार गठनका लागि गठबन्धनभित्र छलफल जारी रहेको र कुनै विवाद नरहेको पनि बताए । उनले जनताको अभिमतलाई सम्मान गर्दै गठबन्धनको सरकार बनाउने सहमति भएको बताए ।

'आइतवारसम्म तपाईंहरु धैर्य गर्नुस्, आलोपालो प्रधानमन्त्रीमा कसले पहिला नेतृत्व गर्ने भन्नेमा हलो अड्किँदैन', कार्कीले भने, "प्रधानमन्त्री को पहिला हुने भन्ने कुरा गौण हो । मुलुकलाई जनताको आकाङ्क्षा अनुसार कसरी अघि बढाउने भन्ने महत्त्वपूर्ण कुरा हो । त्यसैले गठबन्धनकै नेतृत्वमा सरकार निर्माण हुन्छ', मन्त्री कार्कीको भनाइ छ । उनले छलफल जारी रहेकाले भोलि निर्णयमा पुनुपर्ने संवैधानिक बाध्यता रहेकाले निर्णय गरिने बताए । उनले बैठकमा मुलुकलाई अघि बढाउने विषयमा दलहरूले धारणा राखेको भन्दै बैठक सकारात्मक ढङ्गले अघि बढेको बताए ।

गठबन्धनको बैठक आइतबार बिहान नौ बजे बस्ने तय भएको छ । आइतबार राष्ट्रपतिले नयाँ सरकार गठनका लागि दिएको एक साताको समय सकिँदैछ ।रासस

## गठबन्धन जोगाउन रामचन्द्र पौडेलको दौडधुप, भेटे प्रचण्ड र माधव

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालसँग छलफल गरेका छन् । नयाँ सरकार गठनका लागि राष्ट्रपतिले दिएको एक साताको समय गुज्रन लाग्दा गठबन्धन दलबीचको एकता कायम राख्न पौडेलले सक्रियता बढाएका हुन् ।

शनिबार बिहान प्रचण्ड र नेपालसँग एक घण्टा छलफल भएको पौडेलनिकट स्रोतले रातोपाटीलाई जानकारी दिएको छ । सो भेटमा नयाँ सरकार गठनका लागि सहमति जुटाउने र यही गठबन्धनलाई निरन्तरता दिएर अघि बढ्ने बारेमा छलफल भएको बताइएको छ । भोलि साँझ ५ बजेसम्म सरकार गठनका लागि राष्ट्रपतिलाई प्रधानमन्त्रीको नाम दिनुपर्ने दबाबमा रहेका सत्ता गठबन्धन दलको बैठक बालुवाटारमा बस्ने तय भएको छ । यसअघि पटक पटक बसेको बैठकमा शक्ति बाँडफाँडमा दलहरूले आफ्नो अडान नछोडेका कारण सहमति जुट्न सकेको छैन । माओवादी केन्द्रले सुरुको २ वर्ष आफूले प्रधानमन्त्री पाउनुपर्ने दाबी गरेको छ भने नेकपा एकीकृत समाजवादीले सरकारको कार्यकालको १ वर्ष प्रधानमन्त्री पाउनुपर्ने माग गरेको छ । राष्ट्रपतिका लागि कांग्रेस र एकीकृत समाजवादीले आफ्नो दाबी प्रस्तुत गरेका छन् भने अन्य पदहरू बाँडफाँडको विषयमा पनि गठबन्धन दलबीच सहमति जुट्न सकेको छैन ।

## सरकार गठन प्रयोजनका लागि कांग्रेस सांसदहरूले गरे हस्ताक्षर

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले नयाँ सरकार गठनको लागि आफ्ना सांसदहरूको हस्ताक्षर संकलन गरेको छ ।

प्रधानमन्त्री नियुक्तिका लागि दाबी पेश गर्न कांग्रेसले प्रतिनिधिसभा सदस्यहरूको हस्ताक्षर लिएको हो ।

राष्ट्रपतिले दुई वा दुईभन्दा बढी दलको समर्थनमा प्रधानमन्त्री दाबी पेश गर्न पुस ३ मा दिएको एक साताको समय आइतबार अपरान्ह ५ बजे सकिँदैछ ।

'राष्ट्रपति कार्यालयमा पेश गर्न सांसदहरूको हस्ताक्षर लिइएको हो', सभापति शेरबहादुर देउवानिकट एक सांसदले भने, 'शुक्रबार पार्टी संसदीय दलको कार्यालयमा सांसदहरूको हस्ताक्षर लिइएको हो। केही सांसदको हस्ताक्षर लिन बाँकी छ ।'

शनिवार बालुवाटारमा प्रधानमन्त्रीसमेत रहेका सभापति शेरबहादुर देउवाले सांसदहरूलाई बोलाएका छन्। कांग्रेसमा ८९ जना सांसद छन् ।


कांग्रेसले अहिलेकै गठबन्धनमा केही दलको समर्थन जुटाएर सरकार बनाउने तयारी गरिरहेको छ। को प्रधानमन्त्री बन्ने भन्नेमा गठबन्धनभित्र समझदारी हुन सकिरहेको छैन ।

## स्वास्थ्य सेवा-राष्ट्रिय अभियानमा सरकारको साथ रहन्छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले किसुनजी ज्येष्ठ नागरिक स्वास्थ्य सेवा-राष्ट्रिय अभियानमा सरकारको साथ रहेको बताउनुभएको छ ।

पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको ९८औं जन्मोत्सवको अवसरमाकृष्णप्रसादभट्टराईप्रतिष्ठानले आज ललितपुरको बाडेगाउँमा आयोजना गरेको अभियानको उद्धाटन गर्दै उहाँले सरल र निस्वार्थी नेता भट्टराईको नाममा सुरु भएको अभियानमा सरकारको सधैं नै साथ र सहयोग रहने बताउनुभयो ।

गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले अभियान गोदावरी नगरपालिकाबाट सुरु गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले अभियान एक पवित्र र सन्तनेता भट्टराईको आश्रमबाट सुरु भएर प्रविधिका माध्यमबाट मुलुकभर पुग्ने बताउनुभयो । प्रतिष्ठानका अध्यक्ष पीएल सिंहले ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको बताउनुभयो । रासस



## राष्ट्रपतिद्वारा क्रिसमस डेको शुभकामना

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले इसाई धर्मावलम्बीहरूको पर्व 'क्रिसमस डे'को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण इसाई धर्मावलम्बी नेपालीमा सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्नुभएको छ ।



उहाँले शुभकामना सन्देशमार्फत यस्ता चाडपर्वहरूको माध्यमबाट विविध सांस्कृतिक पहिचान एवं धार्मिक आस्था बोकेका समुदायबीच आपसी सद्भाव, सहिष्णुता र ऐक्यबद्धताको भावना अभिवृद्धि हुनाका साथै राष्ट्रिय एकतालाई थप मजबुत तथा सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

इसाई धर्मावलम्बीहरूद्वारा जिसस क्राइस्टको जन्मदिनको अवसरमा हरेक वर्ष डिसेम्बर २५ तारिखको दिनलाई धार्मिक एवं सांस्कृतिक उत्सवका रूपमा विभिन्न कार्यक्रमको आयोजना गरी क्रिसमस डे मनाउने गरिएको छ । यस अवसरमा काठमाडौँ, ललितपुर, भक्तपुर र पोखरालगायत देशका विभिन्न स्थानमा विविध कार्यक्रमको आयोजना गरी यो पर्व मनाउने गरिएको छ ।


राष्ट्रपति भण्डारीले इसाई धर्मावलम्बीहरूको यस पर्वले सबै नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकताको भावनालाई प्रगाढ बनाउँदै समुन्नत नेपाल निर्माण गर्न सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्नुभएको छ । रासस

## जीवनभर गुनासो मात्रै गर्नुभयो भने जीवन गुनासोमै सकिन्छ : महामन्त्री थापा

टुडे समाचारदाता

काठमाण्डु । नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले युवाहरूले गुनासो गर्ने नभई समस्याको समाधान खोज्नुपर्ने बताएका छन् ।

शनिबार काठमाडौँमा आयोजित एक कार्यक्रममा बोल्दै महामन्त्री थापाले अहिलेका युवाहरू भनेको देशको भविष्य भएकाले विद्यार्थी युवावर्गहरुले समस्याको गुनासो गर्ने नभइकन समाधान गर्न के गर्ने भन्ने कुराको बारेमा सोच्न आवश्यक रहेको बताएका हुन् ।



उनले युवाहरू आलोचक बन्नु गलत नभएको तर आफ्नो, समाजको, आज र भविष्यको बारेमा सोचेर आलोचना गर्न उपयुक्त हुने बताए । उहाँले भन्नुभयो, 'हामी कहिले काहीँ थाहा न नपाईकन क्रिटिकल भयौं भनेर भन्दाभन्दै यङ मान्छेहरू थाहै नपाईकन सिनिकल हुन्छौं । निन्दक र आलोचकमा धेरै ठुलो भिन्नता हुन्छ । तर आलोचक बन्दा बन्दै थाहै नपाईकन हामी निन्दक बनिसकेका हुन्छौं । क्रिटिकल हुने भनेको कहिलेकाहीँ आफ्नो बारेमा पनि हुने हो । शिक्षक, स्कुल, समाजको, कम्युनिटी, आज, भोलिको बारेमा हुने हो । त्यो ठुलो स्ट्रेन्थ बन्छ । तर तपाई सिनिकल हुनुभयो भने तपाईंको सबैभन्दा ठुलो विकनेस बन्छ । जीवनभर कम्प्लेन मात्रै गर्नुभयो भने जीवन कम्प्लेनमा नै सकिन्छ ।'

महामन्त्री थापाले निन्दक मात्र बन्नु युवाहरूका लागि जीवनकै सबैभन्दा ठुलो कमजोरी हुने बताए । उनले अहिलेको युग प्रविधिको भएकाले अनलाइनमा बस्दा पनि सामाजिक सञ्जालहरूको सही सदुपयोग गर्नुपर्नेमा जोड दिए ।

## म्यानमारका नागरिकले नक्कली कागजात पेस गरी नेपाली नागरिकता लिएको खुलासा

काठमाण्डु । एक जना विदेशी नागरिकले झुटा विवरण पेस गरी नेपाली नागरिकता लिएको पाइएको छ। म्यानमारबाट आएका एक नागरिकले सर्लाहीमा बसेर नेपाली नागरिकता लिई मदरसामा पठनपाठन गराउँदै आएको खुलेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाका अनुसार झुटा विवरण पेस गरी सर्लाहीको साविक त्रिभुवननगर गाविस-१ ठेगानामा नागरिकता लिएका ३९ वर्षीय मोहमद नुर आलमलाई काठमाडौँको कलङ्कीबाट पक्राउ गरी आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको छ ।

प्रारम्भिक अनुसन्धानका क्रममा सन् २०१२ मा म्यानमारबाट बङ्गलादेश हुँदै नेपाल आई सर्लाहीस्थित साविक त्रिभुवननगर गाविस-१ मा बसी मदरसामा पढाउँदै आएका म्यानमारका नागरिक आलमले झुठा विवरण पेस गरी नेपाली नगरिकता लिएको पाइएको उहाँले बताउनुभयो । सोही नागरिकताको आधारबाट उनले राहदानी विभाग काठमाडौँबाट राहदानीसमेत प्राप्त गरेको खुल्न आएको छ ।

झुट्टा विवरण पेस गरी नागरिकता र राहदानी लिएर सरकारी लिखत दुरुपयोग गरेको अभियोगमा आलमलाई लिखतसम्बन्धी कसुरमा थप अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँमा पठाइएको कोइरालाले बताउनुभयो ।रासस




पद यात्रामा रहेका भारतीय कांग्रेस पार्टीका नेता राहुल गान्धी मार्च पासको क्रममा आफ्ना समर्थकहरु संग । १०५ दिन अघि सुरु गरेको पद यात्रा १२ राज्य हुँदै उनको पाँच महिने लामो ३ हजार ५ सय ७० किलोमिटर देवव्यापी पदयात्राको क्रममा नयाँ दिल्लीमा मार्च गरे । *तस्विर : एपी*

# म्यान्मारकी सुकीविरूद्ध जुन्ता सरकारद्वारा लगाएको मुद्दाको अन्तिम फैसला आगामी हप्ता सुनाउँदै

**एएफपी**

याङ्गुन । म्यान्मारको जुन्ता सरकारको नियन्त्रणमा रहेको अदालतले आङ सान सुकीको १८ महिना लामो सुनुवाइको अन्तिम फैसला अर्को हप्ता सुनाउने भएको छ ।

नोबेल पुरस्कार विजेता ७७ वर्षीय सुकीलाई विभिन्न भ्रष्टाचारदेखि अवैधरूपमा वाकीटकी आयात गर्ने र सरकारी गोपनीयतासम्बन्धी ऐनको उल्लङ्घन गरेको १४ वटा अभियोगमा यसअघि नै दोषी ठहर गरिएको छ ।

उहाँविरूद्धको मुद्धामा सुनुवाई सुरु भएदेखि सुकीलाई केवल एक पटक मात्र सार्वजनिक रूपमा देखाइएको छ । उहाँको तस्बीर र भनाइहरू पनि जुन्ता सरकारप्रति बफादार राज्य सञ्चालित सञ्चारमाध्यम र वकिलहरूमार्फत् बाहिरिने गरेका छन् ।

म्यान्मारको प्रजातान्त्रिक सङ्घर्षमा उहाँको दशकौंदेखि प्रभाव रहँदै आएको अहिंसाको मूल सिद्धान्त विपरित उहाँको समर्थन रहेको 'पिपुल्स डिफेन्स फोर्सेज' देशभरि सेनासँग नियमित रूपमा भिडिरहेको छ ।



गत वर्ष जनरलहरूले सत्ता कब्जा गरेर सुकीको निर्वाचित सरकारलाई अपदस्थ गरेदेखि नै देश उथलपुथलमा परेको छ । भ्रष्टाचारका बाँकी पाँच वटा अभियोगमा उहाँको मुद्दाको अन्तिम बहस सोमबारका लागि तय भएको छ र त्यसको केही समयपछि फैसला हुने अपेक्षा गरिएको छ ।

अदालतले उहाँलाई यसअघि नै सजाय सुनाइएका २६ जनालाई ७५ वर्षको जेल सजाय दिन सक्ने छ र बन्द कोठामा सुनुवाइ गर्न सक्नेछ । इन्टरनेसनल क्राइसिस ग्रुपका रिचार्ड होर्सीले जुन्ताले थप आरोप लगाउने सम्भावना नरहेको बताएका छन् ।

होर्सीले एएफपीसँग भन्नुभयो,"सेनाले अर्को वर्ष बेलायतबाट स्वतन्त्र भएको ७५ औं वर्षगाँठको उपलक्ष्यमा मनाइने उत्सवमा ध्यान केन्द्रित गर्न चाहेको छ ।' होर्सीले भन्नुभयो,"तर चुनावपछि कुनै पनि नयाँ सैन्य सरकारले 'सम्भवतः सुकीसँग सम्पर्क गर्न सक्छ र विपक्षीलाई विभाजित गर्न यस्ता वार्ताको प्रयोग गर्न सक्छ ।'

म्यानमार विश्लेषक सोइ मिन्त आङले सुकीको मुद्दाको सुनुवाइ सकिएपछि उहाँको 'अनपेक्षित क्षमादान र रिहाईको सम्भावना सधैं रहने' बताउनुभएको छ । उहाँले भन्नुभयो, "सामाजिक तनाव कम गर्न र सशस्त्र प्रतिरोधलाई रोक्नका लागि सैन्य शासनले सुकीको भूमिकालाई आवश्यक देखेको छ ।'

यसै बर्षको जुलाईमा एएफपीसँगको कुराकानीमा सेनाले सुकीसँग वार्ता गरेर आफ्नो 'कू' बाट उत्पन्न सङ्कटबाट बाहिर निस्कने उपायबारे सोच्ने छ कि भनेर सोधिएको प्रश्नमा जुन्ताका प्रवक्ता जाउ मिन तुनले राजनीतिमा केही पनि असम्भव नभएको जवाफ दिनुभएको थियो । त्यसैले सुकीविरूद्धका सजायँ फिर्ताबारे जुन्ता सरकारले सोच्न सक्ने क्षीण आशा पनि गरिनेगरिएको छ ।

# उत्तर कोरियाद्वारा दुईवटा छोटो दुरीका ब्यालिस्टिक मिसाइल प्रहार

**एएनआई**

सियोल । नयाँ वर्षको नीति तय गर्नका लागि प्रमुख राजनीतिक बैठक बस्नु अघि उत्तर कोरियाले शुक्रबार दुईवटा छोटो दूरीको ब्यालेस्टिक मिसाइल प्रहार गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ ।

स्थानीय समयअनुसार अपराह्न ४:३२ बजे प्योङ्याङको सुनान क्षेत्रबाट मिसाइल प्रहार गरिएको दक्षिण कोरियाका जोइन्ट चीफ अफ स्टाफ (जेसीएस)ले शुक्रबार एक विज्ञप्ति जारी गर्दै जनाएको छ । यसले दुईवटा मिसाइललाई पानीमा प्रक्षेपण गरेको पनि उल्लेख गरेको छ ।

सन् २०२२ मा मात्रै उत्तर कोरियाले ३६औं पटक क्षेप्यास्त्र प्रहार गरेको छ ।

जापान कोस्ट गार्डले आप्नो रक्षा मन्त्रालयको जानकारीलाई



उद्धृत गर्दै ब्यालिस्टिक मिसाइल जापानको विशेष आर्थिक क्षेत्रभन्दा बाहिर खसेको विश्वास गरेको बताएको छ ।

नेता किम जोङ उनको नेतृत्वमा हाल उत्तर कोरियाले अमेरिका र दक्षिण कोरियाको दबाबका बाबजुद आक्रामकरूपमा मिसाइल परीक्षण बढाएको छ ।

सीएनएमले उल्लेख गरेअनुसार यस वर्षको शुरुमा स्याटेलाइट इमेजरीले यसको भूमिगत आणविक परीक्षण साइटमा विभिन्न गतिविधि देखाएको थियो ।

दक्षिण कोरियाली लडाकु विमानसँग संयुक्त प्रशिक्षणको लागि कोरियाली प्रायद्वीप नजिकै अमेरिकाले आणविक बमवर्षक र उन्नत स्टिल्थ जेट उडान गरेको तीन दिनपछ गरिएको प्रक्षेपणमा उत्तर कोरियाद्वारा कुनै प्रतिक्रिया आएको थिएन । उत्तर कोरियाले यस्तो सैन्य अभ्यासलाई आक्रमणको पूर्वाभ्यासरूपमा बुझ्ने गरेको छ ।

# विहारमा इँटाभट्टा विष्फोट नौ जना मारिए

**सिन्ह्वा**

नयाँदिल्ली । पूर्वीभारतको विहार राज्यस्थित इँटाभट्टामा विष्फोट हुँदा भट्टाका मालिकसहित नौ जना मजदुरको मृत्यु भएको छभने अन्य आठ जना घाइते भएका छन् ।

स्थानीय अधिकारीका अनुसार विहारको राजधानी पटनाबाट एक सय ५४ किलोमिटर उत्तरमा अवस्थित पूर्वीचम्पारण जिल्लाको नारिगिर गाउँमा शुक्रबार साँझ उक्त दुर्घटना भएको हो । घाइतेको रक्सोलको निजी अस्पतालमा उपचार भइरहेको छ ।

विष्फोटको जानकारी प्राप्त हुने वित्तिकै उद्धारकर्ता र प्रहरी घटनास्थलमा पुगेका पूर्वीचम्पारण जिल्ला मजिस्ट्रेट कार्यालयले जनाएको छ । राज्यको विपद् व्यवस्थापन केन्द्रका उद्धारकर्ता भग्नावशेषमुनि खोजी गरिरहेका छन् । विष्फोटको कारण सार्वजनिक गरिएको छैन । सम्बद्ध निकायले अनुसन्धान थालेको छ ।

यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ । साथै उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

# तमिलनाडुमा तीर्थयात्रु बोकेको गाडी खाडलमा खस्दा ८ जनाको मृत्यु

**एएनआई**

थेनी । तमिलनाडुको थेनी जिल्लामा श्रद्धालु सवार कार दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ भने नौ वर्षीय बालकसहित दुई जना घाइते भएका छन् । कार सडकबाट करिब ४० फिट तल खस्दा सो दुर्घटना भएको हो ।

अन्दिपट्टी नजिकैको सन्मुगासुन्दर पुरम गाउँका दश अयप्पा भक्तहरू सबरीमालाको दर्शन गरेर घर फर्कँदै गर्दा शुक्रबार बेलुका उनीहरूको कार दुर्घटनामा परेको थियो।

उनीहरू कुमुली पहाडी सडक इराइचलपलम नजिक पुग्दा सो कार खाडलमा खसेको थियो । "थेनी जिल्लाको कुमुली पहाडको भञ्ज्याङमा सो कार ४० फिट गहिरो खाडलमा खस्दा आठ श्रद्धालुको मृत्यु भएको छ," थेनीका जिल्ला कलेक्टर केभी मुरलीधरनले बताएका छन् । उनले दुई जनालाई उद्धार गरी अस्पताल लगिएको पनि बताएका छन् । उद्धार गरिएका दुई जनामा ९ वर्षीय बालक समेत रहेका छन् ।



# मेकोङ नदीका दश दुर्लभ डल्फिन मरे

**सिन्ह्वा**

नोमपन । कम्बोडियाको एक संरक्षणवादी समूहले यो वर्ष मेकोङ नदीका दश दुर्लभ डल्फिनको मृत्यु भएको बताएको छ । यहाँस्थित विश्व वन्यजन्तु कोषले बिहीबार क्राती प्रान्तको मेकोङ नदीमा मरेको इरावदी डल्फिन भेटिएको जनाएको छ ।

एक सय ९३ सेन्टिमिटर लामो, सातदेखि १० वर्षको करिब ८५ किलोग्राम तौल भएको मरेको पोथी डल्फिन भेटिएको जनाउँदै कोषले 'मोनोफिलामेन्ट गिलनेट'मा फसेपछि डल्फिनको मृत्यु भएको बताएको छ । मत्स्य पालन प्रशासन र कोषले गरेको अनुसन्धानबाट मृत्युको कारण खुलेको हो ।

कोषले वयस्क पोथी डल्फिनको मृत्युले मेकोङ नदीमा डल्फिनको प्रजनन क्षमतामा प्रत्यक्ष प्रभाव परेको उल्लेख गर्दै कोषले यो वर्ष उक्त नदीमा १० वटा दुर्लभ डल्फिन मरेका तथा बितेका तीन वर्षमा २८ वटा डल्फिन मरेकामा चिन्ता व्यक्त गरेको छ । मेकोङ डल्फिनलाई लोप हुनबाट जोगाउन कानुनको कडाइका साथ कार्यान्वयन गर्न अपरिहार्य भएकामा कोषले जोड दिएको छ ।

# मुम्बईले अष्ट्रेलियाका क्यामेरोन ग्रिनलाई १७.५० करोडमा किन्यो

**टुडे समाचारदाता**

काठमाण्डु ।अष्ट्रेलियाका युवा क्यामेरोन ग्रिनलाई मुम्बई इन्डियन्सले १७ करोड ५० लाखमा खरिद गरेको छ।




भारतको कोचीमा जारी मिनी अक्सनमा ग्रिन सर्वाधिक मूल्य पाउने दोस्रो खेलाडी हुन्। यसअघि इंग्ल्यान्डका साम करनलाई पन्जाब किंग्सले १८ करोड ५० लाख भारूमा किनेको थियो।

ग्रीनलाई किन्न अक्सनमा रोयल च्यालेन्जर्स बेंगलोर, दिल्ली र मुम्बई इन्डियन्सबीच कडा प्रतिस्पर्धा भएको थियो। ग्रीन तीव्र गतिको बलिङसँगै ग्रिन विष्फोटक ब्याटिङ पनि गर्दछन्।

# साम करन आइपिएलकै महँगा खेलाडी

**टुडे समाचारदाता**

काठमाण्डु । अलराउन्डर साम करन इन्डियन प्रिमियर लिग (आइपिएल) सर्वाधिक महँगो मूल्यमा बिक्री भएका छन्।




भारतको कोचीमा जारी मिनी अक्सनमा इंग्ल्यान्डका युवा साम करनलाई पन्जाब किंग्सले १८ करोड ५० लाख भारूमा किनेको हो।

यो मूल्य आइपिएलकै सबैभन्दा महँगो मूल्य हो। यसअघि आइपिएल अक्सनमा दक्षिण अफ्रिकाका अलराउन्डर क्रिस मोरिसले १६ करोड २५ लाख भारू पाएका थिए।

सन् २०२१ को अक्सनमा मोरिसलाई राजस्थान रोयल्सले खरिद गरेको थियो। यसअघि रिटनेमा रोयल च्यालेन्जर्स बेंगलोरले २०१८ मा विराट कोहलीलाई १७ करोड भारूमा रिटेन गरेको थियो । २०२२ मा लखनउले लोकेश राहुललाई १७ करोड भारूमै किनेको थियो। १७ करोड माथि मूल्य पाउने करन पहिलो खेलाडी हुन् ।

न्यूनतम मूल्य २ करोड भारू राखेका करनलाई अक्सनमा किन्न मुम्बई इन्डियन्स र रोयल च्यालेन्जर्स बेंगलोर, लखनउ, राजस्थान, चेन्नई सुपर किङ्स र पन्जाबले समेत बोली लगाएका थिए।

युवा अलराउन्डर साम करनले यसअघि पन्जाब किंग्स र चेन्नई सुपर किंग्सबाट आइपिएल खेलिसकेका छन्। २०१९ मा पन्जाबबाट खेलेका उनी २०२० मा चेन्नईबाट खेलेका थिए। ३२ आइपिएल खेलेका उनले दुई अर्धशतकसहित ३ सय ३७ रन बनाउनुको साथै ३२ विकेट लिएका छन्।

# कीर्तिमानी मूल्यमा रोनाल्डो साउदी क्लबमा अनुबन्धित हुँदै

**टुडे समाचारदाता**

काठमाण्डु । पोर्चुगिज फरवार्ड क्रिस्टियानो रोनाल्डो साउदी अरेबियाको क्लब अल नसरमा अनुबन्ध हुने भएका छन्। साउदीको क्लब अल नसरले रोनाल्डोलाई वार्षिक कीर्तिमानी मूल्यमा अनुबन्ध गर्न लागेको हो।




नसरले रोनाल्डोलाई पहिलो २ वर्षका लागि वार्षिक १ सय ७५ मिलियन पाउन्डको अफर गरेको छ। २ वर्षपछि उनको पारिश्रमिक बढाएर वार्षिक २०० मिलियन पाउण्ड बनाएर ७ वर्षको सम्झौता गर्न लागेको गोल डटकमले जनाएको छ।



म्यानचेस्टर युनाईटेड छाडेपछि स्वतन्त्र रूपमा रहेका रोनाल्डोलाई क्लबमा भित्र्याउन साउदी क्लबले कीर्तिमानी मूल्यमा प्रस्ताव राखेको हो।

अनुबन्धको बारेमा छलफल गर्न रोनाल्डो साउदी अरेबियाको राजधानी रियाद पुगिसकेका छन्। सन् २०३० पछि रोनाल्डलोले क्लबको ब्राण्ड एम्बेस्डरको रूपमा काम गर्नेछन्।

स्पेनिस पत्रिका मार्काका अनुसार रोनाल्डोले इजिप्ट र ग्रीससँगै सन् २०३० मा विश्वकप आयोजना गर्न साउदी अरेबियाको प्रस्तावलाई अघि बढाउन महत्वपूर्ण भूमिका निभाउनेछन्। रियल मड्रिडबाट म्यानचेस्टर युनाइटेड पुगेका रोनाल्डो विश्वकप अगाडिबाट क्लब बिहीन बनेका थिए।

३७ वर्षीय रोनाल्डोको कप्तानीमा रहेको पोर्चुगल विश्वकप फुटबलको क्वाटरफाइनलमा मोरक्कोसँग पराजित हुँदै घर फर्किएको थियो।

हार्दिक श्रद्धाञ्जलि

जन्म मिति २०००/६/८ स्व. कृष्णदेव चौधरी मृत्यु मिति २०७९/९/६

मेरा पुज्नीय पिता कृष्णदेव चौधरीको निधनले मर्माहित तुल्याएको छ । दिवंगत आत्माको चीरशान्तीको लागि माता जानकी सित प्रार्थना गर्दै यो शोकको घडीमा हामीलाई सहानुभूति प्रकट गर्ने सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछौं ।

घनानाथ चौधरी
जेष्ठ पुत्र

अशोक कुमार चौधरी
कान्छो पुत्र

तथा

(अध्यक्ष)
निर्माण व्यवसायी संघ, धनुषा



सुनसरीको इनरुवामा माटोबाट सरस्वतीको प्रतिमा बनाउँदै कालिगड । सरस्वतीको तयारी प्रतिमा रु. दुई हजार पाँच सयदेखि १७ हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको छ। *तस्बिर :रासस*

# अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी हुने

काठमाण्डु । काठमाण्डुमा 'अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी' हुने भएको छ । जुत्ता उत्पादक सङ्घ नेपालको आयोजनामा यही पुस २१ देखि २३ गतेसम्म उक्त प्रदर्शनी हुन लागेको हो ।

स्वदेशी र विदेशी उद्योगी तथा व्यवसायीबीच परस्पर व्यवसाय प्रवर्द्धन गर्ने उदेश्यले नेपालमा पहिलोपटक 'गोल्डस्टार १६औं अन्तर्राष्ट्रिय जुत्ताचप्पल औद्योगिक प्रदर्शनी-२०७९ हुन लागेको हो ।स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्ने मुख्य उदेश्यले प्रदर्शनी गर्न लागिएको सङ्घका अध्यक्ष नानीराज घिमिरेले जानकारी दिनुभयो । नेपालमा उत्पादन भएका जुत्ताचप्पललाई विश्व बजारमा पुऱ्याउन प्रदर्शनीबाट सहयोग पुग्ने उहाँको भनाइ छ ।

अन्तर्राष्ट्रियस्तरको जुत्ताचप्पल मेलाले




विदेशमासमेत नेपाली उत्पादन निर्यात गर्न सहज हुने अध्यक्ष घिमिरेले बताउनुभयो । स्वदेशमा उत्पादित जुत्ताचप्पललाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन आवश्यक रहेको उल्लेख गर्दै उहाँले मेलाको ९० प्रतिशत काम सम्पन्न भइसकेको बताउनुभयो ।

सङ्घका उपाध्यक्ष एवं मेलाका संयोजक सुरज बज्जाडेले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कच्चापदार्थ, मेशीनरी सप्लायर्स र क्रेता मेलामा सहभागी हुने बताउनुभयो । "मेलाबाट जुत्ताचप्पलको व्यापार प्रवर्द्धनमा सहयोग पुग्नेछ", उहाँले भन्नुभयो । प्रदर्शनीमा नेपालभरका जुत्ताचप्पल व्यवसायसँग सम्बधित उद्योगीका लागि कक्ष बुकिङ खुला गरिएको छ ।

तीन दिनसम्म चल्ने उक्त मेलाको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ । थोक तथा खद्रा व्यवसायीलेसमेत प्रदर्शनीको अवलोकन गर्न सक्नेछन् ।रासस

# हवाई भाडाको कार्टेलिङ अध्ययन गर्न पर्यटन मन्त्रालयद्वारा निर्देशन




काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आन्तरिक हवाई उडानमा हुँदै आएको कार्टेलिङ अध्ययन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई निर्देशन दिएको छ । आन्तरिक उडान गर्दै आएका बुद्ध, यती, श्री र सौर्य एयरलाइन्सले आपसी मिलेमतोमा हवाई भाडादर निर्धारण गरेपछि मन्त्रालयले अध्ययनका लागि प्राधिकरणलाई निर्देशन दिएको हो ।

आन्तरिक उडान गर्ने कम्पनीले हवाई उडानमा कार्टेलिङ गरिरहेको सूचनाका आधारमा अध्ययन अगाडि बढाउन निर्देशन दिएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताउनुभयो । उहाँले भन्नुभयो, "कार्टेलिङको विषयमा उठेको कुरासम्बन्धी अध्ययन गर्न नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएका छौं, कार्टेलिङ भएको पुष्टि भएमा कारबाही हुनेछ ।" खुला बजार र उद्धार अर्थतन्त्रमा मिलेमतोमा भाडा निर्धारण गर्न नमिल्ने भएकाले यस्तो क्रियाकलाप नियन्त्रण गर्नमा लाग्ने उहाँको भनाइ छ ।

आन्तरिक हवाई कम्पनीले गर्दै आएको कार्टेलिङको राष्ट्रिय योजना आयोगले समेत अध्ययन गरिरहेको बताइएको छ । हवाई कम्पनीको कार्टेलिङको अध्ययन गर्न आयोगका सदस्य डा रामकुमार फुयाँलको नेतृत्वमा कमिटी बनेको छ । आयोगका तत्कालीन उपाध्यक्ष डा विश्व पौडेलले सार्वजनिक यातायातको क्षेत्रमा भइरहेको सिन्डिकेट र कार्टेलिङको अध्ययन अघि बढाउँदै त्यसको जिम्मा फुयाँललाई दिनुभएको बताइएको छ ।

मिलेमतोका आधारमा टिकट बिक्री गरेर कार्टेलिङको साम्राज्य खडा गरेको बताउँदै यो विषयलाई गम्भीर रुपमा लिएर अध्ययन अघि बढाइरहेको आयोगले जनाएको छ । नेपाल सरकारले तोकेको न्यूनतम र अधिकतम भाडादरलाई आधार बनाएर वायुसेवा कम्पनीहरुले कार्टेलिङ गरिरहेको आरोप लागेको छ । अहिले कुनै पनि सेक्टरमा उडान गर्ने सबै कम्पनीको हवाई भाडा एउटै कायम रहेको पाइएको छ ।रासस

# खुल्ला सीमाका कारण स्वदेशी उत्पादनले बजार पाएन


लुम्बिनी । मर्चवार क्षेत्रका व्यवसायी, किसान, स्थानीय तथा सरोकारवालाले खुल्ला सीमाका कारण स्वदेशी उत्पादनले बजार नपाएको गुनासो गरेका छन् । खुल्ला सीमा व्यवस्थित हुन नसकेका कारण सहज रुपमा सामान भित्रिनुले स्वदेशी उत्पादनको बजारीकरणमा समस्या रहेको उहाँहरुको भनाइ छ ।

चेम्बर अफ कमर्स, रुपन्देही उद्योग व्यापार सङ्गठन र उद्योग व्यापार सङ्गठन मर्चवार सम्पर्क कार्यालयले शुक्रबार कोटहीमाई गाउँपालिका-५ स्थित मझगावामा आयोजना गरेको स्थानीय बजार प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने सहभागीले स्थानीय बजार प्रवर्द्धनका लागि सम्पूर्ण पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा स्थानीय सन्तराम कोइरीले स्वदेशमा उत्पादन भएका कुखुराले बजार नपाएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "भारतमा सस्तो मूल्यमा कुखुरा पाइने र खुल्ला सीमाका कारण सहजरुपमा चोरी-पैठारी हुने भएकाले सीमा वारिका व्यवसायी मर्कामा छन् ।"

त्यस्तै स्थानीय सूर्यनारायण यादवले खुल्ला सीमाका कारण स्वदेशी बजार सुनसान भएको बताउनुभयो । उहाँले स्वदेशमा उत्पादन लागत बढी हुँदा सामानको मूल्यसमेत यहाँ बढी नै रहेको बताउनुभयो । उहाँले स्थानीयस्तरमा उत्पादित सामानको बजारीकरणमा समस्या रहेको बताउनुभयो ।

कृषक अशोककुमार तिवारीले किसानलाई मल र सिँचाइको व्यवस्था



नभएसम्म विकास हुन नसक्ने बताउनुभयो । उहाँले कृषकले उत्पादन गरेर वस्तुको मूल्य कृषकले नै तोक्न पाउनुपर्ने माग राख्दै भन्नुभयो, "किसानको विकास नभएसम्म मुलुकको विकास हुन सक्दैन ।"

स्थानीय अर्जुन हरिजनले चप्पल उद्योग सञ्चालन गर्दै आएको भए पनि बिक्रीवितरणमा समस्या आएपछि उद्योग नै बन्द गर्नुपरेको बताउनुभयो । उहाँले उद्योग बन्द भएपछि ऋणको किस्ता र ब्याज तिर्न समस्या भएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "अनुदान पाउनुपर्ने व्यक्तिसमक्ष पुगेको छ कि छैन अनुगमन गर्नु आवश्यक छ ।"

मर्चवार प्रेस क्लबका अध्यक्ष हृदयराम गुप्ताले दर्ता प्रक्रियामा नआएका व्यवसायलाई करको दायरामा ल्याउनुपर्ने बताउनुभयो । उहाँले स्थानीय सरकारले स्थानीय उत्पादन भएका सामान खरीद गर्नुपर्ने प्रस्ताव राख्नुभयो । उहाँले उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो । मर्चवार क्षेत्रमा होटल, किरानालगायत व्यवसाय बन्द भएकाले त्यसतर्फ पनि सम्बन्धित निकायले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

उद्योग व्यापार सङ्गठन रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले किसानले समयमा मल र बीउ नपाएको बताउनुभयो । उहाँले सरकारले किसानलाई समयमै मल उपलब्ध गराउन नसकेको र सीमापारिबाट ल्याउँदा किसानले अनेकौं हैरानी खेप्नुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय सरकार र व्यवसायीबीच सहकार्य आवश्यक छ ।" अध्यक्ष ज्ञवालीले किसानको जीवनस्तर माथि उकास्न सके मात्र अर्थतन्त्र मजबुत हुने बताउनुभयो । कोटहीमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन श्रीवास्तवले कृषिप्रधान क्षेत्र मर्चवारमा आउनुपर्ने मलसमेत घटिरहेको गुनासो गर्नुभयो । उहाँले किसानले समयमै मल नपाएको बताउनुभयो । उहाँले मर्चवार क्षेत्रमा रहेका पालिकाहरुले साझा एजेन्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "साझा एजेन्डा बनाएर अघि बढे मर्चवार क्षेत्रको आवाज एकैपटक सम्बन्धित निकायमा पुग्छ ।" कोटहीमाई-५ का वडाअध्यक्ष सञ्जयकुमार सैनीले कृषिप्रधान देश भनिए पनि किसानको धेरै समस्या रहेको बताउनुभयो । उहाँले कृषिका लागि आवश्यक रहेको ट्र्याक्टरको भन्सार शुल्क बढ्दा कृषक मारमा परेको गुनासो गर्नुभयो ।

मर्चवारी गाउँपालिकाका अध्यक्ष गयाप्रसाद बरईले कृषि, शिक्षा र स्वास्थ्यमा आफूले जोड दिएको बताउनुभयो । उहाँले कृषकलाई गाउँपालिकाबाट सक्दो सहयोग गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "निजी क्षेत्रलाई जिम्मेवारी दिए कृषकले सहज रुपमा मल पाउन सक्थे ।" उहाँले किसानलाई सिँचाइको व्यवस्था नहुनु दुःखद भएको बताउनुभयो ।

कोटहीमाई गाउँपालिकाका अध्यक्ष बालकृष्ण त्रिपाठीले भारतबाट ल्याएर सामान बिक्री गर्नुपर्ने व्यवसायीको बाध्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "मर्चवार क्षेत्रको व्यवसाय प्रवर्द्धनका लागि छुट्टै नीति बनाउनुपर्छ ।" उहाँले किसानले मल समयमा नपाउँदा उत्पादनमा समेत समस्या आएको बताउनुभयो ।रासस

# च्याउ खेतीबाट मासिक दुई लाख कमाउँदै २० वर्षका निखिल

रेसुङ्गा । केही गर्छु भन्ने इच्छा शक्ति भयो भने न त पैसाले रोक्दो रहेछ, न त उमेरले छेक्दो रहेछ । विश्वास पनि अरूले गर्न नपर्ने रहेछ । जब आफूले आफ्नो इमान्दारिता, असल कर्म र सक्रियतामा विश्वास गरे पुग्ने रहेछ ।

गुल्मीको चन्द्रकोट गाउँपालिका-३ का निखिल खत्रीले आफूले अध्ययन गर्दा सिकेअनुसारको व्यवसाय गर्छुभन्दा कसैले विश्वास गरेनन् । घरपरिवार र छिमेकीले त्योभन्दा विदेश गएर धन कमाउन सुझाव दिए । अहिले २० वर्ष पुग्नुभएका निखिल डेढ वर्षअघि आफूमात्र अघि सरेर च्याउको बीउ उत्पादनमा लाग्नुभयो । रु दुई लाख लगानीमा सुरु गरिएको बीउ उत्पादनमा पाँच लाख आम्दानी भयो । त्यसपछि निखिललाई घरपरिवार र छिमेकीले पनि विश्वास गर्न थाले ।

उहाँले निखिल मल्टीप्रपोज एग्रो फार्म दर्ता गरेर चन्द्रकोट-५ ग्वाघाको धुँवाखर्कमा च्याउ खेती गर्नुभएको छ । दश रोपनी जग्गा लिजमा लिएर २० ठूला टनेलमा खेती गर्नुभएका उहाँले च्याउलाई ५० टनेलमा विस्तार गर्दै हुनुहुन्छ । आगामी चैतसम्म ३० टनेल थप्ने लक्ष्य छ । वार्षिक रु एक लाख तिरेर जग्गा लिजमा लिनुभएका निखिलले च्याउ खेतीमा रु २५ लाख लगानी गर्नुभएको छ । उहाँले बैंकबाट ऋण लिएर लगानी गरिरहेको बताउनुभयो निखिले चन्द्रकोट-४ मा रहेको उदय माध्यमिक विद्यालयमा कक्षा ९ देखि १२ सम्म कृषिसम्बन्धी पढ्नुभयो । त्यतिखेर प्रयोगात्मक सिकाइको क्रममा उहाँ च्याउ खेती गर्नेमा बढी आकर्षित हुनुभयो । कक्षा १२ सकेपछि थप अध्ययनभन्दा पनि आफूले सिकेअनुसार व्यवसाय गर्छु भन्नेमा निखिल प्रेरित हुनुभयो ।

डेढ वर्षअघिबाट सुरु गरिएको च्याउ खेतीबाट अहिलेसम्म औसतमा मासिक रु दुई लाख आम्दानी भएको फार्म सञ्चालक निखिलको भनाइ छ । "च्याउ खेतीबाट निरन्तर आम्दानी हुँदैन, मौसम अनुसार उत्पादन भएकालाई बजार पुऱ्याउनुपर्छ", उहाँ भन्नुहुन्छ, "वर्षभरलाई औसतमा हेर्दा मासिक रु दुई लाख आम्दानी हुन्छ", उहाँले भन्नुभयो । आम्दानी भएको रकम च्याउ खेतीमै लगानी भइरहेको छ । फार्मका २० टनेलमा अहिले सिताके र कन्या च्याउ छन् ।

मौसममा दैनिक आठ क्विन्टल र अघिपछि दैनिक एक क्विन्टल च्याउ बुटवल बजारमा निर्यात हुन्छ । औसतमा तीन क्विन्टल दैनिक बिक्री हुने उहाँले बताउनुभयो । च्याउ प्रतिकिलोग्राम रु एक सय ५० देखि दुई सयसम्म पर्छ ।

छ जनालाई आवासीय रोजगार



प्राविधिक ज्ञानमा आफैं पोख्त बीस वर्षका निखिलले फार्ममा छ जनालाई आवासीय सेवा सुविधासहित रोजगार दिनुभएको छ । "आफ्नै ठाउँमा कामदार पाउन गाह्रो रहेछ, टाढाबाट लिएर आवासीय सुविधासहित राखेको छु", उहाँले भन्नुभयो ।

प्युठानदेखि आएका उनीहरूले सुविधाबाहेक मासिक रु १५ हजार पाउँछन् । फार्मको हेरचाहदेखि च्याउका लागि कच्चापदार्थ तयार गर्नेलगायतका सबै काम गर्नुपर्छ । योबाहेक सिजनमा अन्य कामदार राख्नुपर्छ ।

सानै उमेरमा व्यवसायतर्फ प्रेरित हुनुको कारण अध्ययन नै भएको निखिलले बताउनुभयो । अठार वर्ष पुगेपछि च्याउ खेतीमा लागेपछि अहिले व्यावसायिकतातर्फ गइसक्नुभएको छ । आफूले प्राविधिकतर्फ कृषिमा अध्ययन गरेपछि कृषिबाटै व्यवसायमा उन्मुख हुन्छु भन्ने सोच राखेको उहाँले सुनाउनुभयो । "पढ्ने समयमा प्रयोगात्मक गर्दा च्याउ खेती गर्छु भन्ने अठोट गरेको थिएँ", उहाँ भन्नुहुन्छ, "अब च्याउ खेतीलाई व्यापकरुपमा विस्तार गर्दै लैजाने हो", निखिलले भन्नुभयो । बुबा धनबहादुर, आमा रोशनी र दाजु कमल निखिलको कृषि व्यवसायबाट सन्तुष्ट हुनुहुन्छ । कक्षा ९ देखि १२ सम्म प्राविधिकरुपमा कृषि पढाएकाले छिट्टै व्यवसायतर्फ प्रेरित भएकोमा बुबाआमा खुसी हुनुहुन्छ ।

लगानीसँगै निगरानी, व्यवस्थापन, इमानदारिता र सक्रियता भएमा मात्र कृषि र पशुपालनमा सफलता प्राप्त गर्न सकिने उहाँको भनाइ छ । "मलाई सुरुमा आफ्नैले विश्वास गर्नुभएन, तर म केही गरेर देखाउँछु भनेर अघि बढें", उहाँ भन्नुहुन्छ, "विश्वास त कर्मसँग हुनुपर्छ", उहाँले भन्नुभयो । आफूजस्ता हजारौं युवा खाडीमुलुक गएकोप्रति चासो देखाउँदै निखिलले बाध्यताले विदेश जान नपर्ने बताउनुहुन्छ ।

च्याउ खपतको बजारीकरणमा कुनै समस्या नरहेपनि सहजताको हिसाबले चुनौती छ । उत्पादनलाई बुटवलसम्म पुऱ्याउन आफ्नै सवारीसाधन नहुँदा ढुवानीमा बढी खर्च हुने गरेको उहाँको अनुभव छ । बजारीकरणलाई सहज बनाउँदै च्याउ खेतीलाई दोब्बरले बढाएर दीर्घकालीन समयसम्मै गरिरहने निखिलको अठोट छ । यसलाई अझै विस्तार गर्ने र बजारीकरणमा पनि सहज बनाउने रहेको भन्दै उहाँले स्थानीय सरकार र अन्य सम्बन्धित निकायसँग पनि सहयोग माग गर्नुभयो । बिहान ५ बजेदेखि साँझ ६ बजेसम्म फार्ममा रहने निखिलले आफू निरन्तर खटिएका कारण व्यवसायले सफलता पाउँदै गएको बताउनुभयो ।

च्याउको बीउ उत्पादनको लागि सुरुमा गहुँ पकाउने, शुद्धीकरण गर्ने, मेसिनमा राख्ने, सेटिङ हुन्छ यसलाई १० देखि १५ दिन राखेपछि बीउ तयार हुन्छ । बीउ उत्पादनको लागि छुट्टै ल्याब हुन्छ । च्याउ उत्पादनका लागि सुरुमा पराल काट्ने, सफा गर्ने, ड्रममा पकाउने, २४ घण्टा सेलाउने, त्यसपछि पराल र बीउ मिसाउने, प्लास्टिकमा भर्ने, भरेपछि २० देखि २५ दिन राख्ने र पोका चिरेर पानी दिन थाल्ने त्यसपछि च्याउ उत्पादन सुरु हुन्छ । निखिलले फार्ममा गाउँमै पाइने बाँसको प्रयोग गरेर च्याउ उत्पादन गर्ने टनेल बनाउनुभएको छ ।

चन्द्रकोट गाउँपालिकाका अध्यक्ष युवराज केसीले कृषि उद्यमीलाई सङ्गठित गरेर लैजाने र कृषि सहकारीमार्फत सजिलो गरिने बताउनुभएको छ । उत्पादन तथा मागमा आधारित अनुदान दिने र कृषिमा ठोस कार्यक्रम ल्याउने उहाँले बताउनुभयो । बजारीकरणको लागि ७५ वा ५० प्रतिशत अनुदानमा सवारी साधन उपलब्ध गराउने सम्बन्धमा पनि आफूहरू छलफलमा रहेको अध्यक्ष केसीको भनाइ छ ।रासस

# सडक निर्माणले यात्रा सहज

टुडे समाचारदाता

मलंगवा । जिल्लाको प्रमुख सडकका रूपमा रहेको नवलपुर-मलंगवा सडक कालोपत्रे भएपछि यहाँका स्थानीयको अवस्था फेरिएको छ।

सडक कालोपत्रे भएपछि सडक आसपास घर भएका स्थानीय र यात्रुले धुलोबाट मुक्ति पाएका छन्। पूर्व-पश्चिम राजमार्गस्थित नवलपुरदेखि सदरमुकाम मलंगवासम्मको यात्रा निकै सहज पनि बनेको छ। लामो प्रतिक्षापछि २५ किलोमिटर सडक भर्खरै कालोपत्रे भएको छ।

कविलासी नगरपालिका-८, अगर्वाका दिनेश रायले सडक कालोपत्रे भएपछि निकै सहज बनेको बताएका छन् । रायले भने,'यो सडक नबन्दा कत्ति वर्ष धुलो खायौं, घर छेउछाउका हामीहरू धुलोले कत्ति पटक बिरामी नै पर्‍यौ। अहिले त ठूलो राहत मिलेको जस्तो भएको छ। जे होस् ढिलै भए पनि सडक कालोपत्रे भयो, अहिले त धुलोबाट मुक्ति पाएका छौं।'

सडक बनेपछि सडक छेउछाउ घर भएकाहरूले ढुक्कले श्वास फेर्न पाएका छन् । धुलोले ढाक्ने सडक छेउछाउका स्थानीय बासिन्दा अहिले कालोपत्रे सडकबाट सवारी सञ्चालन हुँदा खुशी छन्।

सडक बनेपछि पूर्व-पश्चिम राजमार्गबाट मलंगवा पुग्न र मलंगवाबाट राजमार्गमा निस्कन पनि सहज भएको छ। सडक खाल्डाखुल्डीसहित अत्यन्तै धुलाम्मे हुँदा २५ किलोमिटर यात्रा गर्न दुई घण्टा लाग्थ्यो कालोपत्रे भएपछि समय आधा घण्टामा छोट्टिएको छ।

लालबन्दी नगरपालिका-२, जुटपानीका राजाराम पासवान सडक कालोपत्रे गराउन कयौं पटक आन्दोलनमा उत्रनुपरेको स्मरण गर्छन।'धेरै संघर्षपछि यो सडक बनेको हो, कत्ति पटक आन्दोलन गर्‍यौ हिसाब किताब नै छैन,' पासवानले भने।

सडककै कारण आउजाउमा समस्या हुँदा सदरमुकाम मलंगवाको विभिन्न कार्यालयमा कार्यरत कर्मचारी यहीँ डेरा गरेर बस्थे। यात्रा सहज भएपछि घरबाटै कार्यालय धाउने गर्छन्।

जिल्ला प्रशासन कार्यालयमा कार्यरत हरिवनका प्रशासकीय अधिकृत राजकुमार थापाले नवलपुर-मलंगवा सडक बनेपछि घरबाटै सहज रूपमा कार्यालय आउने जाने गरिरहेका छन् । "नियमित घरबाट आउने जाने गर्छु,' थापाले बताए।

हरिपुर नगरपालिका-२ का मनोज पासवानले नवलपुर-मलंगवा सडक बनेपछि हरिपुर बजारका स्थानीयले पनि ठूलो राहत अनुभव गरेको बताएका छन्। पासवानले धुलोबाट प्रभावित भइ नहरको बाटो भएर वर्षौंसम्म यात्रा गर्न बाध्य भए पनि अहिले मूल सडक नै कालोपत्रे भएपछि यात्रा सहज भएको भन्दै खुशी व्यक्त गरेका छन्।

नवलपुर-मलंगवा सडक कालोपत्रे गराउन स्थानीयसँग निर्वाचित सांसदलगायत पटकपटक आन्दोलनमा होमिएका थिए। जिल्लामा अहिले वर्षौंदेखि अलपत्र रहेको पूर्व-पश्चिम हुलाकी सडक कालोपत्रे गर्न माग गर्दै स्थानीयले निरन्तर आन्दोलन गर्दै आइरहेका छन्।

# सोमबार सर्वदलीय बैठक बस्ने

कमलेश ठाकुर

जनकपुरधाम । मधेश प्रदेश सरकार गठन प्रक्रियाको सन्दर्भमा प्रदेशसभामा सर्व दलीय बैठक बोलाइएको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुबीच छलफलको लागि सोमबार बैठक राखिएको छ ।




बैठकमा सरकार गठन,नवनिर्वाचित सांसदहरुको शपथ ग्रहण गर्ने/गराउने र संसदीय दलको कोठा व्यवस्थापनको लागि बैठक डाकिएको प्रदेशसभाका सचिव रञ्जित यादवले जानकारी दिए । प्रदेशसभामा दलको प्रतिनिधित्व गर्ने पार्टीको संख्यामा वृद्धि भएपछि संसदीय दलको नेताको लागि भौतिक संरचना अभाव देखिएको छ ।

उक्त बैठकमा कोठा व्यवस्थापन र शपथ ग्रहणको विषयमा दलहरुले निष्कर्ष निकाल्ने छन् । बैठकमा सांसदहरुको शपथ ग्रहणको मिति पनि तोकिने छन् । त्यसपछि सरकार गठनको प्रक्रिया औपचारिक रुपमा दलहरुले अगाडि बढाउने छन् । ज्येष्ठ सांसद नेकपा एकीकृत समाजवादीका ७१ वर्षीय गोविन्द बहादुर न्यौपाने बिरामी भएपछि शपथ ग्रहणमा ढिलाइ भएको छ ।

उनको ठाउँमा अर्का सांसद शारदा शंकर प्रसाद साहलाई पनि प्रदेशसभाले तयारी अवस्थामा राखेको जनाइएको छ । यी दुबै जनामध्ये एक जनालाई प्रदेश प्रमुख हरिशंकर मिश्रबाट शपथ ग्रहण गराइने छ । त्यसपछि सोही एक जनाले अन्य सांसदलाई शपथ खुवाउने छन् । मधेश प्रदेशमा २३ सिटसहित नेकपा एमाले पहिलो, २२ सिटसहित नेपाली कांग्रेस दोस्रो र १६ सिटसहित जसपा तेस्रो स्थानमा छन् । मधेशमा जनमत १३, नेकपा माओवादी केन्द्र आठ, लोसपा ९ र स्वातन्त्र ६ जना सांसद छन् ।

यसअघि मधेश प्रदेशको प्रदेशसभामा पाँच दल मात्रै संसदीय दलको आधिकारिकता पाएका थिए । संघीय समाजवादी फोरम, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राजपा दलको रुपमा प्रदेशसभामा सहभागी थिए भने नेपाल संघीय समाजवादी पार्टीले पनि एक सिट ल्याएर संसदमा प्रतिनिधित्व गरेका थिए ।

तर यसपालि दुई वटा पार्टी दलकै रुपमा थपिएको छ भने थप तीन दल समानुपातिक रुपमा एक/एक सिट ल्याएर प्रतिनिधित्व गरेका छन् । पहिले संसदमा सात दलको प्रतिनिधित्व थियो भने यसपालि दश दलले प्रतिनिधित्व गर्दैछन् । जनमत पार्टी र नेकपा एकीकृत समाजवादी पार्टी नयाँ दलको रुपमा संसदीय दलको रुपमा रहनेछन् । तत्कालीन राजपा अहिले लोसपा छन् भने फोरम जसपा बनेका छन् ।

यस पटक राप्रपा र नागरिक उन्मुक्ति पार्टीले पनि एक/एक सिट ल्याएर प्रतिनिधित्व गरेका छन् । यी दुबै दल मधेश प्रदेशको संसदमा पहिलो पटक प्रवेश गर्दैछन् । यसअघि २०७४ को निर्वाचनमा प्रदेशसभामा तत्कालीन संघीय समाजवादी फोरम २९ सिटसहित पहिलो दल बन्दा राष्ट्रिय जनता पार्टी २५ सिटसहित दोस्रो र नेकपा एमाले २३ सिटसहित तेस्रो दल बनेको थियो ।

## निर्वाचन तालिका सार्वजनिक हुने

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश समिति संसदीय दलको नेता चयन गर्नका लागि आइतबार बैठक बोलाइएको छ ।

केन्द्रीय परिपत्र अनुसार गठन भएको समितिले आइतबार छलफल तथा निर्वाचन तालिका सार्वजनिक गर्नका लागि बैठक बोलाएका छन् ।

सोही बैठकले सहमतिमा दलको नेता चयन नभए निर्वाचन मिति सार्वजनिक गर्ने तयारीमा रहेको निर्वाचन समितिको संयोजक तथा कांग्रेस प्रदेश समितिका उपसभापति चन्द्रशेखर यादवले जानकारी दिए ।

उनका अनुसार दलका शीर्ष नेताहरु र निर्वाचन समिति पनि सर्वसहमतिमा दलको नेता छनोट गर्ने प्रयास गरिरहेको छ ।

'आकांक्षी र सम्भावित उम्मेदवार हरुसँग हामी छलफल गरिरहेका छौं । पहिलो प्रयास हाम्रो सर्वसहमतिमा दलको नेता छनोट गर्नु नै हो,'उनले भने,'चुनाव नै भए दुई जना उम्मेदवार बन्न सक्छन् ।' कांग्रेस प्रदेश समितिका सभापति तथा रौतहट निर्वाचन क्षेत्र नम्बर १ को 'ख'बाट निर्वाचित कृष्णा यादव र धनुषा ३ को 'क' बाट निर्वाचित रामसरोजले दलको नेताका लागि दाबी गर्दै आएका छन् ।

# अस्पताल सुधारका लागि सुझाव पेटिका स्थापना

टुडे समाचारदाता




राजविराज । अस्पताल सुधारका लागि नवनिर्वाचित प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरुले बिरामी तथा उनका आफन्तबाट गुनासो र सुझाव संकलनका लागि सुझाव पेटिकासहितको साइन बोर्ड स्थापना गरेका छन् ।

जनमत पार्टीबाट सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. २ बाट निर्वाचित डा. सीके राउत तथा सोही क्षेत्रको १ र २ बाट प्रदेशसभा सदस्यमा निर्वाचित क्रमशः सतिशकुमार सिंह र महेशप्रसाद यादवले शनिबार संयुक्त रुपमा गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र साइन बोर्ड र सुझाव पेटिका स्थापना गरेका छन् ।

सुझाव पेटिकाको नाम "जन आवाज" राखिएको छ । सुझावका लागि स्थापना गरिएको उक्त साइन बोर्डमा "तपाईको उपचार यस अस्पतालमा हुनसकेन, के कारणले हुनसकेन ? सो बारे लेखेर अस्पतालको पूर्जाको फोटो कपीसहित सुझाव पेटिकामा खसाल्नुहोस् ।, हामी सुधारका लागि आवश्यक पहल गर्ने छौं ।" भनि लेखिएको छ ।

"बिरामी र उनका आफन्तबाट बेला बेलामा विभिन्न खाले गुनासोहरु आउन थालेपछि यसको उचित व्यवस्थापनका लागि नयाँ जुक्ति निकालेको प्रदेशसभा सदस्य सिंहले बताए ।

अब सुझाव पेटिका मार्फत प्राप्त हुने सुझावलाई अध्ययन गरी अस्पतालमा सुधारका लागि विशेष पहल गर्छौं, अर्का प्रदेशसभा सदस्य यादवले भने, "यसबाट अस्पतालको धेरै समस्या समाधान गर्न मद्दत मिल्ने विश्वास छ ।"

सुझाव पेटिका राखेको पहिलो दिनमै आधा दर्जन भन्दा बढी बिरामी र उनका आफन्तले आ-आफ्ना गुनासो र सुझाव राखेको अस्पतालले जनाएको छ ।

# साझेदारी वनका अध्यक्षमा साह



रञ्जन यादब

कलैया । बाराको फेटा गाउँपालिका वडा नं.४ मा गढीमाई साझेदारी वन व्यवस्थापन उपभोक्ता समूह समिति गठन गर्नका लागि सात जनाको नाम सर्वसम्मतले चयन गरिएको छ ।

वडा अध्यक्ष वकिल यादवको अध्यक्षतामा भएको भेलाले महिला सदस्यमा गायत्री देवी , लालमुनी यादव ,दलित सदस्यमा प्रेम चन्द्र पासवान , मधेशीमा राम भरोसा महतो धानुक ,वीरेन्द्र महतो धानुक ,गणेशजी प्रसाद कलवार र सुरेन्द्र साह कलवारको नाम चयन गरिएको छ ।

वन नियमावली २०७९ को नियम ५६ को उप नियम १० को क बमोजिम वडा नं.४ को नेपाल राष्ट्रिय विद्यालय फुलवरियामा बसेको भेलाले सात जनाको नाम सर्वसम्मतले चयन गरेको वडा अध्यक्ष यादवले जानकारी दिए ।

# सर्लाहीका दुई उद्योग सञ्चालन

टुडे समाचारदाता

मलंगवा । सरकारले उखुको मूल्य निर्धारण नगर्दै चिनी उद्योग धमाधम सञ्चालनमा आउन थालेका छन् । मुलुकमै सबैभन्दा धेरै उखु खेती हुने र धेरै चिनी उद्योग रहेको सर्लाहीमा दुईवटा चिनी उद्योग सञ्चालनमा आएका छन् ।



हरिवनको इन्दुशंकर चिनी उद्योग र बगदहको महालक्ष्मी चिनी उद्योगले उखु क्रसिङ थालेका हुन् । धनकौलमा रहेको अन्नपूर्ण चिनी उद्योग भने सञ्चालनबारे अन्योल छ ।

देशकै सबैभन्दा ठूलो क्षमताको इन्दुशंकर चिनी उद्योगले दैनिक ५० हजार क्विन्टल उखु क्रसिङ गर्ने क्षमता राख्ने उद्योगका उखु प्रबन्धक योगनारायण रजकले जानकारी दिएका छन् ।

उति नै क्षमता रहेको महोत्तरी, गौशालाको एभरेस्ट सुगर मिल सञ्चालनमा आइसकेको छ । सर्लाही, महोत्तरी, सिरहा, बारालगायत तराईका जिल्लाका सबैजसो चिनी उद्योग केही दिनअघिदेखि सञ्चालनमा आएका छन् । उखुको मूल्य निर्धारण नहुँदै चिनी उद्योग सञ्चालनमा आउँदा किसान भने निराश भएका छन् । बिनामूल्य उधारोमा बेच्नुपर्ने अवस्था आएको नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनि मैनालीले गुनासो गरेका छन् । उखुको मूल्य तोक्न सरकारले बेवास्ता गरेको उनको आरोप छ ।

# गोली हानी दासको हत्या

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा एक जनाको गोली हानी हत्या भएको छ । शनिबार बेलुका मुखियापट्टी मुसरनिया गाउँपालिका ३ का ४० वर्षीय धानुक दासको हत्या भएको छ । दास मोटर (पम्प) मर्मत गर्ने मिस्त्री थिए ।

दुई जनासँग विवाद हुँदा गोली हानी हत्या गरेको धनुषाका प्रहरी नायव उपरीक्षक प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए ।

उनका अनुसार मोटर (पम्प) बनाउन आएका व्यक्तिसँग दुबै जनाको विवाद भएको थियो । विवादमा हुँदा अन्य व्यक्तिहरु पनि त्यहाँ सहभागी रहेका थिए । दासले पछि मोटर मर्मत गर्ने कुरा गरेपछि विवाद उत्पन्न भएको बताइएको छ ।

दासको बायाँ कोखमा गोली लागेपछि उनी गम्भीर घाइते भएका थिए । उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याउँदै गर्दा बाटोमै उनको मृत्यु भएको छ । गोली प्रहार गर्ने व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# विपन्न परिवारलाई कपडा वितरण

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको हरिपुर र ईश्वरपुरमा एक हजार पाँच सय विपन्न परिवारलाई न्यानो कपडा वितरण गरिएको छ ।



विपद्को क्षेत्रमा सक्रिय संस्था बागमती सेवा समाज नेपाल हरिवनले इस्लामिक रिलिफ नेपाल काठमाण्डुसँग सहकार्य गरी दुई पालिकाका एक हजार ५३० परिवारलाई न्यानो कपडा वितरण गरेको छ ।

एक परिवार बराबर करिब आठ हजार ५०० रुपैयाँ बराबरको कम्बल, सिरक, झुल, मोजा, टोपी लगायत चिसोमा लगाउने न्यानो कपडा वितरण गरिएको बागमती सेवा समाज नेपालले जनाएको छ।

कठ्याङग्रिदो चिसोमा न्यानो कपडा पाएपछि विपन्न परिवार खुशी भएका छन्। हरिपुर नगरपालिकाको वडा नम्बर ४ र ९ तथा ईश्वरपुर नगरपालिकाको वडा नम्बर १, ३ र ९ का मुसहर, दलित र मुस्लिम परिवारलाई न्यानो कपडा वितरण गरिएको छ ।

ईश्वरपुरमा नगरप्रमुख मनोजकुमार आचार्य र हरिपुरमा नगरप्रमुख गोपाल पंजियारको प्रमुख आतिथ्यतामा शनिबारबाट न्यानो कपडा वितरण कार्य शुरु गरिएको छ ।

दुई पालिकाका एक हजार ५३० परिवारलाई कपडा वितरण गरिसक्न केही दिन लाग्ने संस्थाले जनाएको छ। ईश्वरपुरका नगर प्रमुख मनोजकुमार आचार्यले चिसोले कठङ्याग्रिएर बर्सेनि विपन्न वर्गका मानिसको मृत्यु भइरहेको भन्दै यस्ता सामाजिक संघ संस्थासँग समन्वय गरेर विपन्न वर्गका लागि वितरण गर्न कपडा बैंक स्थापनाको पहल गर्ने बताए ।

यस्तै,हरिपुरका नगर प्रमुख गोपाल पञ्जियारले कठ्याङग्रिदो चिसोमा संस्थाले प्रदान गरेको सहयोगले अतिविपन्न परिवारको उद्धार भएको बताएका छन् भने हरिपुर नगरपालिकामा चिसोले कठ्याङ्गिएर दुई साताको अवधिमा तीन जनाको मृत्यु भएको छ।

त्यस्तै, लायन्स क्लब पोखरा मेट्रो सिटीले शनिबार समावेशी अपाङ संघ सप्तरीको समन्वयमा सप्तरीको राजविराजमा एक कार्यक्रम गरी शारीरिक रुपमा असक्त तथा उनका सन्तानलाई न्यानो कपडा र स्कुल ब्यागसहित शैक्षिक सामग्री वितरण गरेका छन् ।

लायन्स क्लब पोखरा मेट्रो सिटीका अध्यक्ष सरोज बाग्लेको अध्यक्षतामा आयोजित न्यानो कपडा वितरण कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लब ३२५ एल पोखराका डिस्ट्रिक्ट गर्भनर परमेश्वर बराल, लायन्स क्लब पोखरा मेट्रो सिटीका संस्थापक अध्यक्ष कमल पराजुली, जोन चेयरपर्सन उपेन्द्र अधिकारी, तितृय उपाध्यक्ष राजेश कुमार गुप्ता, बौद्धिक अपाङता महासंघका केन्द्रीय सदस्य जगदीश अर्याल लायन्स क्लब राजविराज सिटीका सचिव ललित झा लगायतले शारीरिक रुपमा असक्त २५ जनालाई प्रति व्यक्ति एक/एक थान कम्बल, म्याट्रेस, सुइटर र झोला प्रदान गरेका छन् ।

यस्तै २५ जना बालबालिकालाई विद्यालय जान झोला तथा सुइटर, कान छोप्ने टोपी र शैक्षिक सामग्री वितरण गरेका छन् ।

चार दिनदेखि चलिरहेको शितलहरले शारीरिक रुपमा असक्त तथा विपन्न वर्ग मारमा परेको खबर पाएपछि साढे चार सय किलोमिटर दूरीको यात्रा तय गरी सहयोगका लागि लायन्सको टोली यहाँसम्म आइपुगेको छ ।

# सप्ताहिक सरसफाइ गर्दै युवा




टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा धार्मिक स्थल तथा पोखरीहरुको युवाहरुले सरसफाइ गरेका छन् ।

शनिबार सप्ताहिक सरसफाइ अन्तर्गत धनुषाधामका धार्मिक महत्वका धनुषमन्दिर/वाणगङ्गालाई सरसफाइ गरेका छन् ।

ऐतिहासिक धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यी स्थान पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नियमित सरसफाइ गरिएको अभियन्ता प्रमोद कुमार यादवले बताए ।

धार्मिक तथा ऐतिहासिक स्थलहरुको उचित संरक्षण सम्वर्द्धन तथा प्रचारप्रसारमा जोड दिनुपर्ने उनको भनाइ छ । उनका अनुसार वाणगङ्गा नदी धार्मिक आस्थासंग जोडिएको छ ।

भगवान श्रीराम माता जानकी र भाइ लक्ष्मणसँग घुम्न आउँदा माता जानकीलाई तिर्खा लागेपछि भगवान रामले वाण प्रहार गरेर वाणगङ्गाको उत्पत्ति भएको थियो । त्यस्तै पौराणिक महत्वको परिचय बोकेका धनुष सागरमा स्नान गरेमा मुसे रोग (अइल्हा) र छारे रोग निको हुने जनविश्वास छ ।

यी दुबै सरोवर सरसफाइ पूर्व जीर्ण र कुरुप बनेको थियो । स्थानीय समाजसेवी, युवा क्लव, महिला सञ्चारकर्मीहरुको समूह समेटर सरसफाइमा जुटेपछि सरोवरमा सरसफाइ भएको यादवले बताएका छन् । यी धार्मिक स्थलहरुको विगत ६ महिनादेखि युवाहरुको सक्रियतामा सरसफाइ हुँदै आएको छ ।

# स्वास्थ्य क्षेत्रमा लघुवित्तको योगदान

टुडे समाचारदाता

लहान । मधेश प्रदेश कार्यक्षेत्र रही विपन्नवर्गमा गुणस्तरीय वित्तीय सेवा पुर्‍याउँदै आइरहेको स्वस्तिक लघुवित्त वित्तीय संस्थाले स्वास्थ्य क्षेत्रमासमेत योगदान दिने गरेको छ ।




यसै क्रममा शनिबार राष्ट्रिय माध्यमिक विद्यालय लहान - १२, पडरियामा महिलाहरुको पाठेघर तथा मुखको क्यान्सर सम्बन्धी एक दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

लायन्स क्लव अफ लहान सिटी र लहान क्यान्सर केयर सेन्टरसंगको सहकार्यमा उक्त शिविरको आयोजना गरिएको थियो भने त्यसमा पूर्वाञ्चल क्यान्सर हस्पिटलको प्राविधिक सहयोग रहेको थियो ।

लहान नगरपालिका तथा आसपासका स्थानीयतह एवम् सप्तरीबाट समेत लाभग्राहीहरु उक्त शिविरमा स्वास्थ्य जाँचको लागि पुगेका थिए ।

विहान ९ बजेबाट सञ्चालन भएको शिविर अपरान्ह ४ बजे समाप्त भएको थियो । शिविरमा महिला १९५ तथा पुरुष ५३गरी कुल २४८ जना ग्राहक सदस्यहरुले प्रत्यक्ष रुपमा उक्त शिविरबाट लाभ लिएका संस्थाका प्रमुख कार्यकारी अधिकृत धीरेन्द्रलाल कर्णले जानकारी दिए ।

पुर्वाञ्चल क्यान्सर हस्पिटल विर्तामोड झापाका मेडिकल सुपरिटेन्डेन्ट डा. वीरेन्द्र कुमार यादवसहितको टोलीबाट उक्त शिविरमा सेवा प्रदान गरिएको थियो भने उक्त समूहमा गाइनोक्लोजिष्ट डाक्टरहरुको समेत सहभागिता रहेको थियो ।

साथै स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. को वित्तविभाग प्रमुख तोयानाथ पोखरेल, मानव संसाधन विभाग प्रमुख सन्तोष कुमार साह र वित्तविभागीय सहायक राहुल साहको समेत सहभागिता रहेको थियो ।कार्यक्रमको उद्घाटन धनगढिमाई नगरपालिकाका प्रमुख शिवशंकर महतोले गरेका थिए ।

# समृद्धिको वार्षिक साधारण सभा

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका-११, मा रहेको समृद्धि बचत तथा ऋण सहकारी संस्थाको शनिबार १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष ताराराज पन्त (अर्जुन) को अध्यक्षता, हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकी (कमल) को प्रमुख आतिथ्यता र हरिवन नगरपालिकाकी उपमेयर हरिमाया घलानको विशिष्ठ आतिथ्यतामा सनराईज आवासीय विद्यालयको प्राङ्गणमा साधारण सभा सम्पन्न भएको छ ।

साधारण सभामा संस्थाले गत आर्थिक वर्ष २०७८/०७९ मा १७ करोड ५३ लाख ६७ हजार ४०८ रुपैयाँ कुल कारोबार गरी ९९ लाख ३५ हजार ८१ रुपैयाँ खूद मुनाफा आर्जन गरेको छ ।

सभामा संस्थाले उत्कृष्ट बचतकर्ताका रुपमा लक्ष्मण श्रेष्ठ, उत्कृष्ट ऋणीका रुपमा पूर्णी कुँमर, बाल बचतकर्ताका रुपमा सुस्मिता लामा, उत्कृष्ट शेयर सदस्यका रुपमा दिनेश ओमपोते र शेयर सदस्यका सन्ततिमध्ये एसइइमा उत्कृष्ट नजिता ल्याउनेमध्ये छात्रबाट विधान निरौला र छात्रातर्फ बिमला महतोलाई सम्मान गरेको छ ।

संस्थाले शेयर सदस्यलाई साँढे १७ प्रतिशत बोनशसमेत वितरण गरेको व्यवस्थापक चिरञ्जीवी भट्टराईले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८